जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक ३३, २०७५ साल मंसिर २८ गते शुक्रबार, नेपाल संवत् ११३९ (Dec. 14, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## सामाजिक सुरक्षा कोषमा २ सय कम्पनी

काठमाडौं । सरकारले ल्याएको योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रममा दुई सयवटा रोजगारदाता कम्पनी सूचीकृत भएका छन् ।

गत ६ मंसिरबाट काठमाडौं उपत्यकाभित्रका रोजगारदातालाई सूचीकरणमा आउने आह्वान गरिएअनुरूप अहिलेसम्म सामाजिक सुरक्षा कोषमा कुल १९४ वटा रोजगारदाता कम्पनी सूचीकृत भइसकेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत २६ कात्तिकमा बाँकी ८ पेजमा

## अस्ट्रेलियामा नेपालीको शैक्षिक संस्था

काठमाडौं । दक्षिण अस्ट्रेलियामा नेपालीहरुले आफ्नै लगानीमा ग्लोबल इन्टरनेसनल कलेजको स्थापना गरेका छन् । दक्षिण अस्ट्रेलियाको एडिलेडमा आयोजना गरिएको औपचारिक कार्यक्रममा कार्यकारी अधिकृत सरिता लामाले आफूहरुले दिगो र परिणाममुखी तालिम र शिक्षा दिने उद्देश्यका साथ कलेजको स्थापना गरेको बताइन् ।

तत्काललाई अहिले रोजगारको मुख्य क्षेत्र बाँकी ८ पेजमा

# किन बुझ्न मान्दैनन् मोदी इपिजी प्रतिवेदन ?

काठमाडौं । सीमा र सन्धिका असमझदारी हटाउन नेपाल र भारतले दुई वर्ष अगाडि गठन गरेको प्रबुद्ध व्यक्ति समूह (इपिजी) ले प्रतिवेदन बुझाउन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग समय मागेको ७ महिना हुन लागेको छ । तर भारतीय प्रधानमन्त्री मोदीले अझै समय दिएका छैनन् । १४ र १५ भदौमा काठमाडौंमा भएको बिमस्टेक सम्मेलनमा भाग लिन मोदी काठमाडौं आएका थिए । त्यही बेला नेपाल र भारतका दुवै प्रधानमन्त्रीलाई एकैपटक प्रतिवेदन बुझाउन सम्भव हुन्थ्यो । तर त्यस्तो मौका प्रबुद्ध समूहलाई दिइएन । अहिले साउथ ब्लक र भारतीय सेनाले प्रतिवेदन नबुझ्न मोदीलाई सुझाएको समाचार बाहिर आएका छन् । तर त्यसलाई पत्याउनु बचकना मात्र हुनेछ । किनकि भारतीय सेना पाकिस्तानी सेनाजस्तो राजनीतिमा हस्तक्षेप गर्न सक्ने भूमिकामा कहिल्यै रहेन र रहने छैन । न त इजिप्टको सेनाले जस्तो निर्वाचित जनप्रतिनिधिलाई सत्त च्युत गर्दै राजकीय अधिकार आफूमा निहित गर्ने हैसियतमा छ भारतीय सेना ।

भारतीय संविधानलार्य सेनाले मिच्न नसकेकै कारण भारत विश्वकै ठूलो लोकतान्त्रिक देश बन्न सकेकोमा विमति हुन सक्दैन । सेनाले पटक पटक राजनीतिक हस्तक्षेप गरेकै कारण पाकिस्तानमा अहिलेसम्म लोकतन्त्र संस्थागत हुन सकेको छैन । साउथ ब्लक अर्थात् विदेश मन्त्रालय प्रधानमन्त्रीकै मातहतमा छ भने रक्षा मन्त्रालयले भारतीय सेनाको चेन अफ कमान्ड सम्हाल्छ । दुवै मन्त्रालयमा मन्त्री हुन्छन् र तिनले प्रधानमन्त्रीको निर्देशन पालना गर्छन् । भारतीय शासन प्रणाली बेस्टर्न मिनिस्टर प्रणाली हो र प्रधानमन्त्री कार्यकारी प्रमुख हुन् भारतका । भारतकै शासकीय स्वरुपको कपि हो नेपालको शासकीय स्वरुप पनि ।

अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरले २००५ साल वैशाख १८ गते सत्ता सम्हाल्दा ब्रिटिसले भारत छाडिसकेको थियो । चीनमा च्याङ काइसेकको पतन भएर माओ नेतृत्वको कम्युनिस्ट सरकार स्थापना भएको थियो तर चीन र भारतका नयाँ नेतृत्वसँग थिएन । राणा शासकहरु एकदम डराइरहेका थिए । मोहन शमशेरले



२००५ साल जेठ १४ गते काठमाडौंमा सिन्दुर जात्रा गरे । त्यस अवसरमा उनले आजकालको विश्व परिस्थितिबाट अलग रहन कुनै पनि राष्ट्रलाई न त सम्भव छ न त अपेक्षित नै । तसर्थ हामीसँग दौत्य सम्बन्ध राख्न खोज्ने सबै मुलुकसँग दौत्य सम्बन्ध जोड्ने हाम्रो नीति हुनेछ । हाम्रो मुलुकको विकास गर्ने काममा हामीलाई बाह्य आवश्यकता पर्ने स्वयंसिद्ध छ । छिमेकी र मित्र मुलुकबाट यस्ता आवश्यक सहयोग पाउँला भन्ने आशा गरेका छौं भन्दै तत्कालीन परिप्रेक्ष्यमा महत्वपूर्ण अभिव्यक्ति दिए ।

२००६ साल फागुन ४ गते दक्षिणकाली मन्दिरमा पञ्चबली चढाएर मोहन शमशेर नयाँ दिल्ली लागे । ७ फागुनमा रेल्वे स्टेसनमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले उनको भव्य स्वागत गरे । मोहनशमशेरलाई हैदरावाद हाउसमा सम्मानका साथ राखियो । ८ फागुनमा नेहरु निवास तीन मूर्ति भवनमा नेहरु र मोहनशमशेरबीच डेढ घण्टा 'वान टु वान' गोप्य वार्ता भयो । त्यही वार्ताले सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धिको खाका कोर्‍यो । नेहरुका सम्पूर्ण प्रस्ताव मोहनशमशेरले स्वीकार गरेर वार्ताको विस्तृत विवरण सार्वजनिक गरिएन । १५ असोज २००६ मा माओत्सेतुङ नेतृत्वको चिनियाँ कम्युनिस्ट पार्टीले चीनमा जनवादी गणतन्त्र घोषणा गरेको थियो । त्यसको भय भारत र नेपाल दुवैमा परेको थियो । उक्त घटनाको पाँच महिनापछि नेपाल र भारतका शीर्ष नेतृत्वको भेटवार्ता भएको थियो । मोहनशमशेर काठमाडौं फर्केलगत्तै नेपालका लागि भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहले प्रस्तावित सन्धिको मस्यौदा थमाए । मस्यौदामाथि छलफल गर्न विजय शमशेरको नेतृत्वमा सरदार गुन्जमान सिंह, सरदार नरेन्द्रमणि आचार्य दीक्षित मीर सुब्बा भीमबहादुर पाँडे दिल्ली पुगे ।

भारतले प्रस्ताव गरेको सन्धिको धारा २, ५, ६ र ७ मा नेपाली टोलीले विमति जनायो । हतियार खरिद, एक अर्कालाई गर्ने राष्ट्रिय व्यवहार, तेस्रो देशसँग युद्ध वा खतराबारे पूर्व सूचना जस्ता प्रावधानमा नेपाली टोली सहमत भएन । भारतीय टोलीका सेक्रेटरी जनरल गिर्जाशंकर बाजपेयी, विदेश सचिव केपीएस मेनन, सहसचिवसन्दर हक्स र नेपालका लागि भारतीय राजदूत सिपिएन सिंह छलफलमा सहभागी थिए । उनीहरुले नेपालको चासो लेटर अफ एक्सचेन्जमा समेटिने छ भनेर आश्वस्त पार्न खोजेका थिए । सन् १९६५ मा दुवै देशबीच भएको हतियार खरिदसम्बन्धी पत्राचारले नेपालको प्रतिरक्षालाई भारत निर्भर बनाइदिएको छ । हुन त त्यसपछि नेपालले बेल्जियम, बेलायत, अमेरिकासँग हतियार खरिद गरेको छ तर सम्झौताले नेपाली सैन्य सामग्री आपूर्तिको जिम्मा भारतलाई दिएको छ । नेपाली टोली छलफलपछि काठमाडौं फर्कियो र सन्धिका धाराहरुबारे मोहनशमशेरलाई अवगत गरायो । तर मोहन शमशेरले टोलीको राय सुनेर बरु भारदारहरुको बैठक राखे र भारतकै प्रस्ताव बाँकी ८ पेजमा

## एनसेलले फेरि लग्यो १२ अर्ब लाभांस

काठमाडौं । दूरसञ्चार प्रदायक निजी कम्पनी एनसेलको लाभांस लैजाने विषयमा विवाद भइरहेका बेला केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले थप साढे १२ अर्ब लैजान स्वीकृति दिएको छ । एनसेलको विदेशी साझेदार रेनल्ड होडिङसाईलाई राष्ट्र बैंकको उच्च व्यवस्थापनले लाभांस लैजान कात्तिक २१ गते राष्ट्र बैंकले स्वीकृति दिएको हो । गभर्नरको कार्यालयले अर्थ मन्त्रालयलाई लेखेको पत्रमा अदालतको आदेशानुसार लाभांश लैजान स्वीकृति दिएको उल्लेख छ । राष्ट्रबैंकले १२ अर्ब ५४ करोड रुपैयाँ लाभांश भुक्तानी पठाउन सटही स्वीकृति दिएको हो ।

११ महिनाअघि पनि रेनल्डले सुरुमा ८ अर्ब ६० करोड रुपैयाँ र त्यसको दुई सातापछि १५ अर्ब ९६ करोड रुपैयाँ लाभांश लगेको थियो । ११ महिनाको अवधिमा रेनल्डले कुल ३७ अर्ब १० करोड रुपैयाँ लाभांश लगिसकेको छ । राष्ट्रबैंकले एनसेलको लाभांश आर्थिक वर्ष २०७२।७३ देखिको पठाउन स्वीकृति दिएको जनाएको छ । एनसेलको विदेशी साझेदारले लाभांश लगेपछि देशको शोधनान्तर घाटा थप वृद्धि भएको छ । एनसेलको १२ औं बाँकी ८ पेजमा

## नेपालले रेल किन्ने

काठमाडौं । सरकार रेल किनेर जयनगर-जनकपुर सञ्चालन गर्ने तयारीमा रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले बताएका छन् । भारतीय सहयोगमा निर्मित ३४ किमि दूरीको रेलमार्गमा अब नेपालकै रेल गुड्ने भएको छ । यसअघि भारतबाट भाडामा रेल ल्याएर मंसिरदेखि रेल सञ्चालन गर्ने तयारी थियो । मन्त्री महासेठले राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समिति बैठकमा भने, 'रेल लिजमा लिने कि किन्ने भन्नेबारे हामी अलमलमा थियौं, अब आफैं रेल किन्ने निर्णय भएको छ । यसले गर्दा रेल सञ्चालनमा ढिलाइ भएको हो ।'

नयाँ रेल निर्माणका लागि एक वर्षभन्दा बढी बाँकी ८ पेजमा

## विक्रम पाण्डे अख्तियारको फन्दामा

काठमाडौं । विक्रम पाण्डे भूमिसुधार मन्त्री बन्नासाथ ग्रेटर नेपालले ' भ्रष्ट ठेकेदार क्याबिनेटमा' शीर्षकमा सिक्टा सिंचाइ आयोजनामा भएको भ्रष्टाचारबारे समाचार सम्प्रेषण गरेको थियो । त्यसबेला उक्त समाचारलाई सायद धेरैले 'पूर्वाग्रह' को रुपमा लिएका हुन सक्छन् । तर अहिले अख्तियारले सिक्टा सिंचाइमा साढे आठ अर्ब भ्रष्टाचार भएको ठहर गर्दै 'क' श्रेणीका ठेकेदार पाण्डेमाथि विशेष अदालतमा कारबाहीका लागि मुद्दा दर्ता गरेको छ । पाण्डे सिटिसिई कालिका कन्स्ट्रक्सन कम्पनीका प्रमुख साथै राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता समेत हुन् ।

अख्तियारले राष्ट्रिय गौरवको उक्त आयोजनामा ८ अर्ब ५९ करोड ८८ लाख रुपैयाँ बराबरको आर्थिक घोटाला ठहर गर्दै पाण्डेसहित २१ जनाविरुद्ध मुद्दा चलएको हो । सिक्टा सिंचाइमा सिटिसिई



कालिका कन्स्ट्रक्सनले सिक्टाको पश्चिम खण्डको ४२ किलोमिटर मूल नहर निर्माण गरेको हो । बाँकेको अगैयामा बाँध निर्माण गरी राप्ति नदीको ५० क्युमेक्स पानी अटाउने गरी बनाइएको मूल नहर ४।५ क्युमेक्स पानी पठाउँदा नै भत्किन थालेपछि भ्रष्टाचारको आशंका गरिएको थियो । मूल नहर निर्माणपछि परीक्षणका क्रममा नहर पटक पटक भत्केको थियो । तर पाण्डेले 'माटोको करामत' भन्दै अनि.यमितता लुकाउँदै आएका थिए । आयोजना प्रमुखदेखि मन्त्री, सचिव समेतलाई पाण्डेले आर्थिक प्रभावमा लिएर आफ्नो कालो कर्तुत ढाकछोप गर्दै आएका थिए ।

पछिल्लो पटक साउन ७ गते परीक्षणका क्रममा बोकेको ढकेरीस्थित चंगाई नालामा मूल नहर भत्केको थियो । पछिल्लो पटक मूल नहर परीक्षण गर्दा आयोजना प्रमुख रहेका रमेश बस्नेतसहित चारजना आयोजनाका पूर्व प्रमुखलाई समेत अख्तियारले भ्रष्टाचार अभियोगमा मुद्दा दर्ता गरेको छ । तर सिटिसिई कालिका कन्स्ट्रक्सनलाई नहर निर्माणको ठेक्का दिने सिंचाइ मन्त्रीहरुलाई भने अख्तियारले छोएको छैन । राजनीतिक बाँकी ८ पेजमा

## सार्क स्थापनाको ३४ औं वर्ष

काठमाडौं । दक्षिण एसियाका जनताको हितलाई अभिवृद्धि गर्ने र उनीहरुको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले स्थापित दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) ३४ औं वर्षमा प्रवेश गरेको छ ।

सार्कको १८ औं शिखर सम्मेलन काठमाडौंमा सम्पन्न भएको थियो । त्यसपछि सार्कको १९ औं सम्मेलन पाकिस्तानको राजधानी इस्लामावादमा हुने घोषणा भए पनि भारतका कारण सम्मेलन हुनेमा हालसम्म कुनै टुंगो लाग्न सकेको छैन । भारत र पाकिस्तानबीचको सम्बन्धमा तनाव आएका कारण १९ औं शिखर सम्मेलन ओझेलमा परेको हो । नेपाल आगामी १९ औं शिखर सम्मेलन अवधिसम्मका लागि सार्कको अध्यक्ष रहनेछ । सार्कको सचिवालय काठमाडौंमा छ ।

सार्कले गरिबी निवारण, दूरसञ्चार, महिला बालबालिका, युवा, शिक्षा, सामाजिक, स्वास्थ्य, आतंकवाद नियन्त्रण, स्वतन्त्र बाँकी ८ पेजमा

## १ सय २० दिनमा १६ अर्बको खाद्यान्न आयात

काठमाडौं । खाद्यान्न आयातमा पछिल्लो समयमा उच्च वृद्धि भएको छ । चालू आर्थिक वर्षको चार महिनामा मात्र १६ अर्ब मूल्य बराबरको खाद्यान्न आयात भएको हो । भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्ष २०७५।७६ को चार महिनामा १५ अर्ब ७८ करोड ९६ लाख ६६ हजार रुपैयाँको खाद्यान्न आयात भएको छ । जसमा सबैभन्दा धेरै चामल आयात भएको छ । पछिल्लो चार महिनाको समयमा विभिन्न देशबाट ९ अर्ब ३८ करोड ७ लाख ७६ हजार रुपैयाँ बाँकी ८ पेजमा


समय-सन्दर्भ

## यसरी अन्त्य भयो सोभियत समाजवाद

तेजेन्द्र प्रसाईं

मार्क्सवादी सिद्धान्तको पहिलो सफल व्यावहारिक प्रयोग थियो- रुसी अक्टोबर क्रान्ति । मानव समाजको इतिहासमा अक्टोबर समाजवादी क्रान्तिलाई महान ऐतिहासिक परिघटनाका रुपमा लिइन्छ । सन् १८७१ को पेरिस कम्युन चार महिनासम्म पनि जीवित रहन सकेन । लेनिनले पेरिस कम्युनको असफलताबाट पाठ सिक्दै मार्क्सवादलाई अझ समृद्ध गरेर अक्टोबर क्रान्तिको वैचारिक मार्ग तय गरेका थिए । लेनिन नेतृत्वको बोल्सेभिक पार्टीले अक्टोबर क्रान्तिको अभिभारा पूरा गरेको थियो । रुसी समाजवादी क्रान्ति पुँजीवादको विकल्पको व्यावहारिक पुष्टि थियो । समाजवादलाई युटोपिया बताउनेहरुका निम्ति यो परिघटना गम्भीर प्रहार थियो ।

अक्टोबर क्रान्तिपछि जातीय, क्षेत्रीय



एवं लैंगिक विभेद र उत्पीडनको अन्त्यका लागि ठोस र प्रभावकारी कदमहरु चालिए । लेनिनको नेतृत्वमा आर्थिक विकास, समानता, सामाजिक न्यायको स्थापना, विज्ञान र प्रविधिको क्षेत्रमा असाधारण उन्नति र सामरिक श्रेष्ठता हासिल गर्‍यो सोघियत संघले । सन् १९१८ देखि १९२० सम्मको गृहयुद्धको सामना गर्दै क्रान्तिका उपलब्धिहरु रक्षा गर्दै अघि बढिरहे लेनिन । सन् १९२४ मा लेनिनको देहावसान भएपछि बाह्य र आन्तरिक क्रान्ति विरोधी शक्तिहरुलाई परास्त गर्दै समाजवादी निर्माणलाई स्टालिनले अगाडि बढाए । सन् १९३३ सम्म सोभियत संघलाई संयुक्त राज्य अमेरिकाले मानयता नदिँदा पनि स्टालिनले हिम्मत हारेनन् ।

बोल्सेभिक विरुद्ध मुसोलिनीलाई लड्न ब्रिटिस प्रधानमन्त्री चर्चिलले उकासे । स्टालिन फासिवाद विरुद्धको संघर्षमा निरन्तर लडिरहे र 'सामूहिक सुरक्षा' को सन्धिका निम्ति पहल गरिरहे । दोस्रो विश्वयुद्धपछि शीतयुद्धको आरम्भ भयो र यसले द्वन्द्वलाई पुनः सतहमा ल्यायो । दोस्रो विश्वयुद्धमा सोभियत संघले ठूलो क्षति व्यहोर्नु पर्‍यो । यद्यपि १९३० को दशकमै सोभियत अर्थव्यवस्था पश्चिमी मुलुकहरुको तुलनामा अगाडि थियो । १९६० को दशकमा आइपुग्दा सोभियत संघको प्रतिव्यक्ति बाँकी ८ पेजमा

## सीमाका तुइनमा पनि भारतीय हस्तक्षेप

काठमाडौं । महाकाली नदीमा रहेका तुइन विस्थापित गर्ने सरकारी तयारीमा भारतले हस्तक्षेप गरेको छ । प्रधानमन्त्री केपी ओलीले तुइन विस्थापन गर्ने कुरामा जोड दिए पनि भारतीय पक्षले अनुमति नदिँदा अझै अलपत्र अवस्थामा रहेका हुन् ।

दार्चुलाको महाकाली नदीमाथि शुरुमा १० स्थानमा पुल निर्माण गर्नुपर्ने विवरण केन्द्रमा आए पनि अध्ययनपछि ४ ठाउँमा बन्ने देखाएको थियो । तीमध्ये १ ठाउँमा झोलुङगे पुल निर्माण भइसकेको छ भने अर्को स्थानमा निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । हालसम्म देशभरका रहेका १ सय ८७ वटा तुइनहरूमध्ये १ सय १० वटा मात्र तुइन विस्थापित भइसकेका छन् । तीमध्ये ८१ वटा तत्कालीन जिल्ला विकास समिति र १ सय ६ वटा बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# खाद्यवस्तुमा मिसावट अनुगमन कहिले ?

खाद्यवस्तुमा हुने अखाद्य वस्तुको मिसावट र डेट एक्सपाएर सामानको बिक्रीले गर्दा जनस्वास्थ्यमा समेत गम्भीर असर पर्ने गरेको छ । जनताको स्वास्थ्यमाथि खेलबाड गर्ने यस्ता कुत्सित अपराधीहरूलाई जतिसक्दो बजार अनुगमन गरी कडाभन्दा कडा कारबाही गर्न अति आवश्यक छ ।

बजारमा उपलब्ध बेमौसमी तरकारी तथा फलफूलमा अत्यधिक मात्रामा विषादी र रासायनिक मल प्रयोग गरिएको हुन्छ । विज्ञहरूका अनुसार इन्डोसल्फान, डिक्लोरोबोस, फनेवेलेरेट, डाइफेनालाइमाइन, इथिओन लगायतका विषादी प्रयोग भएका तरकारी बजारमा पाइने गरेका छन् । हेर्दै राम्रा, उज्याला, सलक्क परेका फलफूल तरकारीमा विषादीको मात्रा बढी हुने जानकारहरू बताउँछन् । स्टेवरी, स्याउ, अंगुर, पालुंगो, टमाटर, बोडी, सीमी, ठूलो खोर्सानी, काँक्रा, आलु, रातो खुर्सानी जस्ता फलफूल र तरकारीमा बढी विषादी फेला परेको तथ्य परीक्षणबाट देखिएको छ ।

त्यसैगरी विषादी मात्रा कम भएका फलफूल तरकारीहरूमा एबोकाडो, मकै, भुइँकटहर, बन्दा, मटरकोसा, प्याज, कुरिलो, आँप, मेवा, किवी, भन्टा, मौसम, लप्सी, काउली, खरबुजा, तरूल, सुन्तला नासपाती रहेका छन् । तरकारी, फलफूलहरूलाई ताजा हरियो देखाउन अखाद्य रंगको प्रयोग गर्ने गरिएको छ । मेवा, आँप, केरा, स्याउलाई समयअघि नै पकाउन कर्बाइट, इथालिन जस्ता रसायनको प्रयोग गरिन्छ । यस्ता रसायन तथा विषादीहरूको जथाभावी प्रयोग र उपभोगबाट शरीरमा हर्मोनको गडबडी र क्यान्सर हुनेसम्मको खतरा हुने गरेको छ ।

फलफूल तरकारीका अतिरिक्त खाने तेल, मसला, मिठाइहरूमा समेत अखाद्य वस्तुको मिसावट गरेको पाइन्छ । यसका अलावा डेट एक्साएर भएका चकलेट, चाउचाउ, चिसो पेयपदार्थ, अचार, सस बजारमा जथाभावी बिक्री भइरहेका छन् । मूल्यमा ठगी, नाम तौल र गुणस्तरमा समेत ठगी भइरहेको छ । खाद्य, पेय पदार्थ तथा अन्य उपभोग्य वस्तुहरूको बजार अनुगमन गर्ने विभिन्न सरकारी निकायको व्यवस्था भए पनि अनुगमन केवल नाम मात्रको र देखावटी रूपमा हुने गरेको छ । ठूलठूला सुपर मार्केटहरूले समेत मिति सच्याएर अखाद्य सामान बिक्री गरेको फेला परे पनि तिनीहरूलाई बिना कारबाही उन्मुक्ति दिइनाले फटाइ गर्ने अरूलाई समेत बल मिलेको छ ।

पैसा खर्च गरेपछि गुणस्तरीय सामान पाउनु उपभोक्ताको अधिकार हो । उपभोक्ताको हित संरक्षण गर्ने दायित्व राज्यको हो । त्यसैले चाडबाडको मुखमा बजारमा हुने विभिन्न खालका गैरव्यापारिक चरित्रलाई निरूत्साहित गर्न सरकारका सम्बन्धित निकाय र उपभोक्ताका हितमा खुलेका संघसंस्थाहरू पनि सक्रिय हुन आवश्यक छ ।

# युद्ध विभिन्न मोर्चामा हुँदैछ सावधान !!!

**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)



**संघियता चाहने र नचाहनेबीच पनि मोर्चाबन्दी भइरहेको अर्को सुत्रको दाबी छ । नेपालले संघीयता धान्दैन भन्नेहरूबीच पनि ध्रुवीकरण भइरहेको र धान्दछ भन्नेबीच पनि ध्रुवीकरण भइरहेको परिप्रेक्ष्यमा यी दुईबीचको युद्ध कुन रूपमा हुने हो, त्यो स्पष्ट देखिएको छैन ।**

भर्खरै क्रिश्चियनहरुको महासम्मेलन नेपालमा भएको, संविधानअनुरुप धर्मनिरपेक्ष राज्य क्रिश्चियन धर्म सापेक्ष भई कार्य गरेको, क्रिश्चियनहरुको खुट्टामा गएर देशको प्रधानमन्त्रीले ढोगेको, अनि के के मिसाएको पवित्र रक्सी पिएको, एक लाख डलरको पुरस्कार थापेको देख्ने नेपाल र भारतका हिन्दुहरु बेस्सरी आतंकित भएको सुन्नमा आएको छ ।

अब नेपाललाई राजतन्त्रात्मक हिन्दु राज्य नबनाउने हो भने उनीहरु पनि चुप लागेर नबस्ने भएका छन् । यस सन्दर्भमा एकातिर गणतन्त्र चाहने क्रिश्चियन समर्थक र अर्कोतर्फ राजतन्त्रात्मक हिन्दुराज्य चाहनेबीच गृहयुद्ध हुने सम्भावना बढेको छ । यस शक्तिलाई बलियो बनाउन भारतको सत्तारुढ बिजेपी, नेपालको कांग्रेस पार्टी, पुराना पंच पार्टीहरु र राजा ज्ञानेन्द्र स्वयं एकै मोर्चामा पुगेको विश्लेषकहरु बताउँछन् र यही शक्तिले जनवरी २६ को भारतीय गणतन्त्र दिवसमा ज्ञानेन्द्रलाई प्रमुख अतिथि बनाउने अनि तत्पश्चात हिन्दु धर्मको कट्टर अनुयायी नेपाली सेनालाई कू... गर्न लगाई राजालाई पुनः गद्दीमा राख्ने प्रपंच भइरहेको बताउँछन् ।


अर्कोतर्फ संघियता चाहने र नचाहनेबीच पनि मोर्चाबन्दी भइरहेको अर्को सुत्रको दाबी छ । नेपालले संघीयता धान्दैन भन्नेहरुबीच पनि ध्रुवीकरण भइरहेको र धान्दछ भन्नेबीच पनि ध्रुवीकरण भइरहेको परिप्रेक्ष्यमा यी दुईबीचको युद्ध कुन रुपमा हुने हो, त्यो स्पष्ट देखिएको छैन ।

१० वर्षे जनयुद्धलाई बिसाउँदै संसदीय भासमा लगेर पार्टीलाई जाकी एमालेसँग एकता गरेकै कारण अर्को सशस्त्र आन्दोलनको तयारीमा नेकपा विप्लव रहेको छ । उसले राजधानी र विकट कर्णालीको जिल्लामा गरेको शक्ति प्रदर्शनले देशमा फेरि जनयुद्ध हुने संकेत देखिएको छ । झन् अयोग्य सावित भएका पूर्व माओवादी लडाकुहरु र जनयुद्धमा लागेर अंगभंग भएका तर राज्यले वास्ता नगरेकाहरु अब केही नलागेपछि आत्मघाती आक्रमण गर्ने चेतावनी दिँदैछन् । यसले अब भूमीगत रुपमा पनि आक्रमणहरु हुन सक्ने सम्भावनालाई बढाएको छ ।

अर्कोतर्फ राजनीति भनेको उत्कृष्ट समाजसेवा हो र त्यसकारण नेताहरु सादगी हुनुपर्दछ भन्ने एक समूह छन् भने राजनीति भनेको कमाउने पेसा हो, सुखसयल सुविधाको स्रोतहरु भनेर राज्यको ढुकुटी दोहन गर्नुपर्दछ, मिलाएर खान जानेमा कमिशन, भ्रष्टाचार जे गर्दा पनि हुन्छ भन्नेहरु तदारुकताका साथ त्यसै अभियानमा लागेको कुरा वाइड बडीमा भएको घोटाला, ३० केजी सुन काण्ड, राष्ट्रपति विद्यादेवी भण्डारीदेखि लिएर वडाध्यक्षसम्मको सुविधाभोगी क्रियाकलापले स्पष्ट देखाइरहेको छ ।

राज्यको ढुकुटीको बेपर्वाह दोहन भएको देख्न नसक्ने जमात पनि केही न केही भइदिए हुन्थ्यो भन्ने मानसिक अवस्थामा पुगेको कारण एकातिर राजा र सेना पक्ष र अर्कोतिर विप्लव पक्ष मजबुत हुँदै गइरहेको देखिएको छ । यस अवस्थामा अब कति मोर्चामा कति युद्ध हुने हो त्यो त निकट भविष्यले नै बताउला । जे होस अब युद्ध विभिन्न मोर्चामा हुँदैछ सावधान !!!

# के धर्म के अधर्म (३)



**जगदीश लामिछाने**
रौतहट, पौराई

उसबेलाको पूर्वी पाकिस्तानलाई स्वतन्त्र गराउँछु भनी आफ्नो आकाशमा पाकिस्तानीलाई उड्नै रोकेर भारतीय सेना अहिलेको बंगलादेशमा बसिसकेको थियो । नेपालले सक्दो ढिलो गरेर नवौं नम्बरमा बंगलादेशको समर्थन गरेको अवस्था थियो । यता नेपालको पूर्व सिमाना जोडिएको सिक्किम भारतले नलिने कुरै भएन । नेपालकै तराईको सम्पूर्ण भाग इन्दिरा गान्धीले आफ्नै गुप्तचर संस्थालाई भारतकै हुनुपर्छ भनी आदेश दिइसकेकी थिइन् । नेपालको उत्तरी क्षेत्र चीन सिमानाबाट भारतीय सेना हटाई नेपालले सहयोग गरेकोमा चीनको दोधारे नीतिदेखि श्री ५ महेन्द्र सन्तुष्ट र चीनप्रति दिक्क दुवै थिए । यसैले त उनले खगेन्द्र गुरुङले पनि सुन्ने गरी 'हामी बाच्छा जस्तै छौं जसले खाए पनि के भो र ?' यी शब्दहरु चीन र भारत दुवैतिर लक्षित प्रस्ट नै छन् ।

सँगै बसेका कम्युनिस्ट नेता पुष्पलाल पनि दिक्क नै देखिए किनभने राजाको प्रस्तावमा 'म पार्टीसँग सल्लाह गर्छु' मात्र भने । पुष्पलाललाई माथि उल्लिखित चीन भारत बंगलादेश नेपालको अवस्था ज्ञान नहुने र उनीहरुको बीचको समस्याको गम्भीरताको ख्याल नहुने त होइन । आफू आफ्नै कम्युनिस्ट पार्टीबाट पनि चिन्तित



रहेछन् । नभए तुरुन्त समर्थनको कुरा भइहाल्ने थियो । 'तिमीहरुको यस्तै चाल, मुलुक यस्तो अवस्थामा छ, म पनि लम्पसार' भन्ने राजाका शब्दहरुबाट पुष्पलाल पनि मर्माहत भएका देखिन्छन् ।

त्यसपछिको प्रसंगमा २०५५।५६ सालतिर प्रचण्डले देव गुरुङमार्फत मन नपरेको कुरा गर्न आफूलाई खबर गरेको र आफूले पटनामा मिथिला साहित्य सम्मेलनको तुल टाँगेर माओवादी सम्मेलन गराएको देखिसकेको हुँदा राजा वीरेन्द्रको वंश नाश भएको खबर जस्तै गोप्य रुपमै तिमी प्रचण्डलाई केही भयो भने के गर्ने ? भनी चेतावनी नै दिएको र राजा ज्ञानेन्द्रसँग मिल्न सल्लाह दिएको २०७३।८।११ को अन्नपूर्णको त्यो लेखमा निज खगन्द्रकै फोटो टाँसिएको हुँदा विश्वासयोग्य नै सबै कुरा छन् ।

अहिले वर्तमान कालमा नेपालका प्रधानमन्त्री सत्तासीन कम्युनिस्ट पार्टीकै प्रमुख छन् । उनले नेपाली धर्मविपरीत इसाई सम्मेलन गराएका छन् । सोही



पार्टीका वरिष्ठ नेता सांसद माधवकुमार नेपालले उनैलाई सघाएका छन् । यसबाट यी दुवैदेखि नेपालभरका हिन्दु र बौद्ध धर्मावलम्बी समेत सम्पूर्ण नेपाली आफ्नै सरकारबाटै अहिले झस्कनुपर्ने अवस्था आएको छ । अपमानित भएको सम्झनुपर्ने अवस्था आएको छ । गतांकको यसै शीर्षकको खण्ड २ २०७५ मार्ग १४ गते प्रकाशित हुँदा नेपालको विश्व हिन्दु महासंघ र नेपाल संस्कृत विश्वविद्यालयलाई तिमी दुवैको कर्तव्य धर्म यही हो ? भनिएकोमा अब यी दुवैको साथै वर्तमान नेपाली प्रधानमन्त्री केपी ओली र माधवकुमार नेपाल पनि कम्युनिस्ट पार्टीका वरिष्ठ नेता नै हुनाले तिमी सबै धर्म क्षेत्र, शिक्षा क्षेत्र र सत्तासहित सबैको कर्तव्य धर्म यही हो भनी पुनः सोध्नैपर्ने भएको छ । अब तपाईंहरु सबै 'भए पनि ठिकै छ नभए नि ठिकै छ, के को टाउको दुखाउनु हो दुई दिने जिन्दगीमा' भन्नुहुन्छ कि कसो हो ? भन्नैपर्ने भएको छ हैन त प्रधानमन्त्री केपी ओलीज्यू ?

भर्खरै ५।७ दिनअगाडि काठमाडौं बागबजार उत्तरतर्फको प्रख्यात होटलमा केवल शुद्धपानी र १ कप चिया मात्रको भरमा घण्टौंसम्म श्रोताहरु शान्त भएर बहस सुनिरहे । प्रारम्भमा टिस्टा काँगडाको आफ्नो नेपाली भूमि भिन्दै रंगमा चिनु लगाएको नक्सा देखाउँदै ग्रेटर नेपाल राष्ट्रवादी मोर्चा अध्यक्ष फणीन्द्र नेपालले आज कालो दिन हो है । यो नेपाली क्षेत्र हैन भनी कुनै पनि नेपालीले विदेशै हो भनी प्रमाणित गरिदिन्छ भने म आफ्नै जिउमा मट्टितेल खन्याई आगो लगाएर मर्न तयार छु भनी बहस सुरु गराउनुभयो । नेपाली कांग्रेस, राप्रपा तथा कम्युनिस्ट घटकहरु पालैपालो प्रस्तावकको पक्षमा राय दिँदै हाम्रै नेपाली नेताले आफ्नो देश नमागेरै र उनी भारतसँग सदैव जि हजुरमा रहेरै भारतले हाम्रो देश खाएको हो भन्दै पूर्व राजदूत हिरण्यलाल समेतले भन्दै रहनुभयो । यो हरफकर्ता श्रोता नै भए पनि दिवाचक्षु साप्ताहिकको आफ् नो 'विद्रोही स्वर' नामक २०५३।१२।७ को स्तम्भमा टिस्टा काँगडा नेपालकै हो भनी लेख प्रकाशित भएदेखि नै समर्थनमा आजसम्म रहेकोले सुनिरह् यो । सबैले कालोपट्टी बाँधेकै थिए । प्रमुख अतिथिमा माले अध्यक्ष सीपी मैनाली हुनुहुन्थ्यो । उहाँको भाषण स्वभावतः अन्त्यमा नै थियो । उहाँले सबै नेपालीले मान्यवर मानेका श्री ५ पृथ्वीनारायण शाहको विषयमा धेरै समय खर्चनु भए पनि दह्रो अरुले जस्तो टिस्टा काँगडा नेपालकै हो भनी समर्थनको राय दिनु भएन । विरोधसम्म गर्नुभएन । उहाँलाई पनि माथि लेखिएजस्तै 'भए पनि ठिकै छ नभए नि ठिकै केलाई टाउको दुखाउनु हो दुई दिने जिन्दगीमा' भन्न कसैको प्रभावमै पर्नु भएको हो कि ? सोच्नैपर्ने भयो ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–२६

चिनियाँ समाजमा महिलाको उत्पीडनबारे त्यही लेखको एक ठाउँमा लेखिएको छ– "चिनियाँपुरूषहरूको टाउकोमाथि दुइटा पहाड छन्– सामन्तवादको पहाड र साम्राज्यवादको पहाड तर चिनियाँ महिलाहरूको हकमा थप अर्को पहाड पनि छ– पितृसत्तात्मक पहाड । तसर्थ मुक्तिका लागि चिनियाँपुरूषहरूले सामन्तवाद र साम्राज्यवादकापहाड उल्टाउनुपर्नेछ भने महिलाहरूले चाहिँ सामन्तवाद, साम्राज्यवाद र पितृसत्ताकापहाडहरू उल्टाउनपर्नेछ ।"

चीनको क्रान्तिमा रूसी कम्युनिस्ट पार्टीझैँचिनियाँकम्युनिस्ट पार्टीले पनि ' नारीवर्गको मुक्ति सर्वहारा वर्गको नेतृत्वमै सम्भव छ' भनेको थियो । त्यसैले रूसी नारीहरू त्यहाँको क्रान्तिमा लडेझैँचिनियाँ नारीहरूले पनि चीनको क्रान्तिमा दिलोज्यानले लडे, करोडौं सङ्ख्यामा बलिवेदीमा चढे ।**याङ काइ हुई, लि हु लान, छाङ ह्वा** त्यसका सुन्दर उदाहरण हुन् । सन् १९४९ मा चीन मुक्त भएपछि मुलुकका आमजनताले स्वतन्त्रता र समानता पाए । यससँगै स्वभावतः नारीहरूले पनि केही स्वतन्त्रता र समानता पाए तर नारी वर्गको मुक्तिका निम्ति ती कुरा मामुली मात्र थिए । त्यहाँको विद्यमान समाज पुरूषप्रधान नै थियो । पार्टी, सेना, सरकार र कम्युनदेखि लिएर हरेक क्षेत्र र स्थानमा नारीहरूले आधा हिस्सापाउनुपर्थ्यो, तब उनीहरू आफ्नो हकअधिकार प्राप्त गर्न र त्यसलाई सुदृढ पार्दै लान पाउँथे तर त्यसो हुन सकेन । किनकि पार्टीले त्यसमा ख्यालै गरेन । माओत्सेतुङकाअन्यग्रन्थहरूमा सामन्तवाद र साम्राज्यवादको पहाड उल्टाई ध्वस्त गर्ने सम्बन्धमा विस्तृत व्याख्या छ । उनले नेतृत्व गरेको १९४९ को सफल क्रान्तिले पनि सिद्ध गर्छ तर चिनियाँ महिला वर्गको मुक्तिसम्बन्धी अवधारणाबारे अन्यत्र कतै,केही उल्लेख छैन । अर्थात् पितृसत्तात्मक पहाड उल्टाउन उनका ग्रन्थहरू मौन छन्, निःशब्द छन्, जुन विषय सन् १९२७ मै उनको दिमागमा परेको थियो ।ती सवाल चीन,चिनियाँ जनता, विश्वका महिला र परिश्रमी वर्गको स्थायी मुक्तिसँग सम्बन्धित थिए ।

चीनको इतिहासमा मात्र नभई विश्वमै माओ त्से तुङ एक महान् नेता हुन् भन्ने कुरामा दुईमत छैन तर नारीवर्गको मुक्तिका निम्ति उनले मार्गदर्शन गर्न सकेनन् । सन् १९४९ मा चिनियाँ मजदुर, किसानहरू मुक्त हुनासाथ माओले नारीवर्गले पनि मुक्ति पाएको ठाने तर वास्तविकता त्यस्तो थिएन । नारीवर्ग मुलुकको कुनै पनि स्थान, जातजाति, वर्ग र मत-सम्प्रदायहरूमा आधा हुँदाहुँदै पनि पितृसत्ताका कारणपुरूष वर्गबाट चुसिएकै थिए, थिचिएकै थिए ।

कम्युनिस्ट पार्टीभित्र पनि त्यस्ता कुराहरू थिए, जस्तो आज नेपाल र भारतकाकम्युनिस्ट आन्दोलनभित्र व्याप्त छन् । चीनमा क्रान्तिपश्चात् 'पितृसत्तात्मक सत्ता' अन्त्यको खाँचो थियो, जसरी सयौं वर्षअगिदेखिको सामन्तवाद र साम्राज्यवादको सत्ता ध्वस्त पारियो ।

अन्यपितृप्रधान समाजजस्तैचिनियाँ समाजमा पनि अत्यन्तै उत्पीडित नारी वर्गप्रति माओको ध्यान किन गएन होला ? भन्ने विषयमा विवेचना गर्दा यस लेखकलाई लाग्छ– माओ एक दृढ सर्वहारावादी कम्युनिस्टथिए ।उनी मार्क्स, एङ्गेल्स, लेनिन र स्टालिनकाकुशलर विवेकशील भक्त थिए । चीनमा भर्खर समाजवादी समाज निर्माण हुन लागिरहेका बेला सोभियत रूसमा स्टालिनको निधनपश्चात् ख्रुस्चोवको उदय माओलाई गम्भीर चिन्ता र दुःखको विषय बन्यो । माओको चिन्ता र दुःख चिनियाँ जनता र चिनियाँकम्युनिस्ट पार्टीका लागि मात्र नभई विश्वकै न्यायप्रेमी जनता र विश्व कम्युनिस्ट आन्दोलनकै लागि गहन र गम्भीर सवाल थियो । त्यो अवधिमा माओले पेरिस कम्युन (१८७१) पछि मार्क्सका लेख, साहित्यहरू र लेनिनका १९०५–०७ को रूसी क्रान्तिपछिका लेख, साहित्यहरूमा बढी ध्यान दिए । तीसाहित्यहरूमा मार्क्स र लेनिनले 'सर्वहारावर्गको अधिनायकत्व' लाई जोड दिएका छन् ।हुन त उनीहरूका अन्य साहित्यहरूमा पनि 'सर्वहारा वर्गको अधिनायकत्वको आवश्यकताबारे बताइएको छ तर यी साहित्यहरूमा चाहिँ यसरी भनिएको छ–

क्रमशः

# मैले देखेको चौहत्तरौं विश्व सम्पदा:
# डेनमार्कको प्राचीन एरहुस शहर र क्याथेड्रल

सुरेन्द्र ढकाल




बाहिरबाट हेर्दा एरहुसको क्याथेड्रल



क्याथेड्रलभित्रको सुनको ढोका



चर्चभित्रको फ्रेस्को पेन्टिङ




सहरभित्रको घुमाउरो गल्ली



क्याथेड्रलभित्रको संगीत यन्त्र अर्गान




क्याथेड्रलको मुख्य प्रार्थना कक्ष र मञ्च (अल्टर)



एरहुसको प्राचीन गल्लीमा सुरेन्द्र सन् १९८९ मा



एरहुसको पुरानो सहर



सहरभित्र काठको फ्रेममा बनाइएका घरहरू

स्टाभान्गारबाट रात्रि रेलमा ओस्लो आइपुग्दा बिहानको ६:४५ बजेको थियो। त्यहाँबाट डेनमार्क प्राचीन शहर एरहुस जाने निधो गरी ८ बजे रेल चढेँ। एरहुस आइपुग्दा दिनको ३ बजेको थियो। त्यहाँको पुरानो शहर अवलोकन गर्ने उद्देश्यले हातमा एरहुस शहरको नक्सा बोकी म पैदलै त्यतातिर लागेँ।

### एरहुश शहर

यो शहर कोपनहागेनपछिको डेनमार्कको दोस्रो ठूलो अनि प्राचीन शहर रहेछ। जुटलैण्ड प्रायद्विपको पूर्वी समुद्रको किनारमा रहेको यो शहर भाइकिङहरुले आठौं शताब्दिमा नै किल्ला बनाइ स्थापना गरेका रहेछन्। सन् ९४८ तिर यहाँ क्रिश्चियन विशप आई धर्मप्रचार गरेका रहेछन् भने त्यति बेला नै कृषि उपजको सामुद्रिक व्यापार गर्ने केन्द्र रहेछ यो शहर। १७ औं शताब्दिमा स्वेडिसहरुले आर्थिक नाकाबन्दी गरी बमले आक्रमण गरेको कारण व्यापारमा शिथिलता आई आर्थिक क्रियाकलाप धेरै सिमित हुन पुगेको रहेछ। पछि २०औं शताब्दिमा व्यापारमा आएको विकासले यस शहरलाई डेनमार्कको दोस्रो शहर बनाएको रहेछ। आर्थिक र सांस्कृतिक विकासकै कारण यो शहर युरोपकै उत्कृष्ट शहरमध्ये एक मानिँदो रहेछ। एरहुसको भित्री शहरमा सन् १९६० देखि गरिएको पुरातात्विक उत्खननपश्चात् यहाँ सन् ९०० तिरको पुरानो इनार, बाटो, घर कारखाना, भाडाकुडा, गरगहनाहरु फेला परेका रहेछन्। तेस्ता कुराहरु फेला पर्नुको कारण त्यतिखेर त्यो चिहानस्थल भएको र पछि भाइकिङ युगमा यो उनीहरुको राजधानी नै बन्न पुगेको रहेछ। मध्यकालमा आएर यस शहरमा चर्चहरु, धार्मिक भवनहरु बनेका रहेछन्। यस शहरको इतिहास बुझ्दा यो कहिले स्वेडेनको अधिनमा र कहिले जर्मनको अधिनमा परेको रहेछ। यहाँको पर्यटनको अति आकर्षणको केन्द्र भनेको भोल्डेन र ग्राभेन नामक साँघुरो अनि घुमाउरो गल्लीमा रहेका भाइकिङ युगदेखि मध्यकालिन युगमा काठको फ्रेममा बनाइएका खुला म्युजियमको रुपमा रहेका गोथिक, बारोक, रोकोको नोर्दिक वास्तुशैलीका राम्ररी संरक्षण गरिएका घरहरु, एरोस कला म्युजियम आदि पर्दा रहेछन्। त्यसमध्ये पनि विशेष गरी पश्चिमी ढोका (वेस्टर गेट) र लेटिन क्वार्टर हेर्न पुरै युरोप र विश्वबाट गरी वार्षिक १४ लाखसम्म पर्यटकहरु यहाँ आउँदा रहेछन्। एक घण्टासम्म प्राचीन शहर अवलोकन गरेपछि म लागेँ एरहुसको क्याथेड्रल अवलोकन गर्न।

### एरहुसको क्याथेड्रल

यो क्याथेड्रल १२ औं शताब्दिमा बनेको रहेछ र डेनमार्कभरिकै लामो र अग्लो चर्च रहेछ। १२ औं शताब्दिमा निर्माण शुरु भएको यो चर्च सेन्ट क्लेमेन्सप्रति समर्पित रहेछ। १२०० जना अटाउने प्रार्थना कक्ष हुनु यस चर्चको विशेषता रहेछ। रोमनेक्स शैलीमा रातो इँटाले बनेको यो चर्चको धनुषाकारको दलिन काठले बनेको रहेछ भने गजुरहरु चारवटा रहेछन्। सन् १३३० को आगलागीले क्षति पुगेपछि यो परित्यक्त अवस्थामा पुगेको र पछि सन् १५०० मा यस चर्चलाई गोथिक शैलीमा पुनर्निर्माण गरिएको रहेछ। त्यसपछि पनि यस चर्चमा विभिन्न कालखण्डमा परिवर्तनहरु गरिएका रहेछन्। यस चर्चभित्र अवलोकन योग्य कुराहरु भनेको मध्यकालिन डेनिस शैलीका फ्रेस्को पेन्टिङहरु, ब्रेन्ट नोट्केले बनाएको चर्चभित्रको मञ्च (आल्टर), कलात्मक शिशा (स्टेन ग्लास) का झ्यालहरु, क्राइष्टलाई झुण्डाइएको मूर्ति जस्मा उनको शीर देब्रेतिर लत्रेको देखाउनु जुन संसारभरका कुनै चर्चमा पनि नभएको भनिँदो रहेछ आदि पर्दा रहेछन्। सेन्ट क्रिस्टोफर र सेन्ट क्लेमेन्टले बनाएको यस चर्चभित्रको पेन्टिङ डेनमार्कभरिकै अग्लो पेन्टिङ मानिँदो रहेछ। त्यसै गरी चर्चभित्रै रहेको सुनको ढोका, घण्टा र पानीजहाजको नमुना, उच्च घरानाकी एक महिलाको चिहानलाई पनि चर्चभित्रको अवलोकन योग्य कुरा मानिँदो रहेछ। यसको अतिरिक्त चर्चभित्र धुन बजाउने सांगीतिक यन्त्र अर्गान लाम्बेर्ट डेनियलले सन् १७३० मा बनाएका रहेछन्।

# देश ठूलो कि दाम ?



चिनियाँ एपेक एफले ३ खर्ब लगानी गर्छु भनेपछि २०६८ साल असोज ३० गते डा. बाबुरामको सरकारले पार्टी अध्यक्ष प्रचण्डको नेतृत्वमा लुम्बिनी विकास निर्देशक समिति गठन गऱ्यो । त्यो समितिको आवरणमा बुद्ध बोकेर प्रचण्ड हङकङदेखि न्यूयोर्कसम्म पुगे । तत्कालीन राष्ट्रसंघका महासचिव वान कि मुनलाई लुम्बिनी दर्शनका लागि निम्तो समेत दिए ।

कुरो दिल्ली पुग्यो, अनुमति पाएन एपेक एफ चिप्लियो । भारतले टाङ अडाएपछि एपेक लापत्ता भयो । आज न एपेक एफ छ, न प्रचण्ड नै लुम्बिनी निर्देशक समितिमा छन् । त्यसपछि प्रचण्ड प्रधानमन्त्री बने, उनले बुद्धको नाम उच्चारणसम्म गरेनन् । सत्ताबाट खुस्केका बाबुरामले समेत बुद्ध र लुम्बिनीको नाम लिएको कहिल्यै सुनिएन ।

किनभने फरिद जकारिया भन्ने भारतीय अमेरिकामा बस्छन् र उनी बुद्ध भारतमा जन्मेका हुन् भनेर प्रचार गरिरहेका छन् । भारतका पोष्यपुत्रका रुपमा दाग लागेका डा. बाबुराम भट्टराई गोरखाका हुन् तर गोरखपुर रिसाउने भयले लुम्बिनीको गाथा नगाएको बुझ्न सकिन्छ । त्यतिबेला प्रचण्डको हुँकार थियो- 'अब बुद्धको जन्मथलो विश्वले चिन्छ, शान्ति खोज्नेहरु लुम्बिनी आउनेछन् ।' एपेकले ल्याउने डलर नल्याउने भयो, प्रचण्डले बुद्धमार्ग बिसाए । फेरि हुँकार मार्ग अर्कैतिर मोडियो । राजनीतिक अराजकताले सत्ता र शक्ति परिवर्तन हुँदै गयो । खिलराज, सुशील, ओली, प्रचण्ड, शेरबहादुर र फेरि ओलीको सरकार आयो । प्रचण्ड आफ्नो पार्टीलाई एमालेको चौतारीमा बिसाएर सत्ता साझेदारीको शिखर आरोहणको बाह्रमजामा छन् । यति गर्न उनलाई १३ वर्षको समय लागेछ ।

जनयुद्धकै अर्धाङ्ग मोहन वैद्य र विप्लव जनकारबाही गर्दै समानान्तर जनसरकार चलाउने आगो फुक्दैछन् । सीके राउतले मधेस अलग देश बनाउने घोषणा गरिसके । संविधानको कार्यान्वयन र दुई तिहाईको कम्युनिस्ट दम्भका कारणले एक बुद्ध, बुद्ध शान्ति, बुद्ध गौरव, बुद्ध निर्वाण फेरि रगतपच्छे हुने खतरा मडारिन थालेको छ ।

मधेस विश्लेषक डा. राजेश अहिराज भन्छन्- 'श्रीपेजसहितको लोकतन्त्र हुन सकेन भने ५ वर्षभित्र रक्तपात हुन्छ ।'

बुद्धको नाम मात्रले पनि नेपालको आर्थिक कायापलट गर्न सकिन्थ्यो । त्यो खुबी, ल्याकत पटक्कै कुनै नेतामा देखिँदैन । लुम्बिनी विकास कोष पार्टीका कार्यकर्तालाई जागिर खुवाउने अड्डा बनेको छ । स्वास्थ्योपचार गर्ने अस्पतालमा एग्रिकल्चरको डाक्टर राखिदिँदा के हुन्छ ? लुम्बिनीको हालत त्यस्तै छ । नेपालले अझै लुम्बिनी बुझ्न बाँकी छ ।

युरी गागरिन, प्रथम अन्तरिक्ष यात्री हुन् । उनी फर्केपछि उनलाई जे मागे पनि दिने सरकारले निर्णय गर्दा उनले 'मलाई कम्युनिस्ट पार्टीको सदस्यता दिए मेरा लागि सबैभन्दा ठूलो पुरस्कार हुनेछ' भन्ने माग गरे । त्यस्तो गर्व गर्न लायक कम्युनिस्टका अनुयायी नेपाली कम्युनिस्टले झापा विद्रोहदेखि जनयुद्धसम्म गरे, कम्युनिस्टहरु सत्तामा पनि पुगे, कम्युनिस्टकै दुई तिहाईको सरकार पनि बन्यो । समृद्धि र सुशासनका नारा दिनेहरुमा नैतिकताको न नदेख्दा कम्युनिस्टहरु 'दया' का पात्र बनेका छन् ।

यिनका हेडमास्टर मोहनविक्रम सिंह, मोहनचन्द्र अधिकारीहरु रुदाक्षका गेडा गनेर दिन बिताइरहेका छन् । बुढा कम्युनिस्टका लागि नेकपा पार्टी वर्षको एक दिन मीठो मसिनो खाएर सामुहिक भेटघाट गर्ने 'पिकनिक वृद्धाश्रम' मात्र हो । र, हिजोका नौसिखाहरु सुकिला मुकिला खाइखाँदै सामन्त हुनु भनेको कम्युनिस्टहरु कम्युन्यालिस्ट बनेर सर्वहारालाई कसरी घोडा चढ्छन्, तिनको कपालमा जेल र ओठको लाली हेरे पुग्छ ।

केही वर्षअघि पोर्चुगल पुगेका मोहनविक्रम सिंहको अभिव्यक्ति सबै कम्युनिस्टले मनन गरुन् । सिंहले सिंहनाद गरे- 'नेपाली कम्युनिस्टको स्कुलिङ साह्रै राम्रो थियो । सत्ता र शक्तिमा चुर्लुम्मै डुबेर मोराहरु बिग्रिए ।'

नेपाली कम्युनिस्ट नेल्सन मण्डेला भनेर चिनिएका मोहनचन्द्र अधिकारीको दुखेसो यस्तो छ- 'कसैले वास्तै गर्दैनन्, के गर्नु ?'

पोर्चुगलबाट हानिएको त्यो सिंहझाप्पु र काठमाडौं नैकापबाट अधिकारीको तिक्तताले सबैभन्दा बढी पीडा ओली, प्रचण्डलाई हुनुपर्ने हो । किनकि आली, प्रचण्डजस्ता कम्युनिस्ट न पहिले भए, न पछि हुनेछन् । जुनसुकै विचारका नागरिक हुन्- अझै ओली, प्रचण्डमा 'राजनेता' को गुण देख्न पाइएला कि भन्ने आशा राख्छन् । यो लालसा आकाशको फल हो किनकि यी दुवैमा सम्पत्ति, सत्ता र शक्तिको नमेटिने तिर्खा जो दिनहुँ बढ्दै गएको छ, यिनको मनमा त नौ पाथी कालो पो रहेछ ।

नेपाली कम्युनिस्टले स्टालिन बुझे अमर हुन सक्थे । स्टालिनका छोरा जेकव बन्दी बनेपछि उनको बदलामा जर्मन सैनिकको लेनदेन गर्ने प्रस्ताव आयो । स्टालिनले मलाई पुत्रभन्दा राष्ट्रियता प्यारो छ भनेर सेनाको पक्ष लिए, छोराको पक्ष लिएनन् । छोरा जेकव जेलमै मरे तर स्टालिनले रुसलाई मर्न दिएनन् र आज रुस त्यो इतिहासलाई गौरव गर्छ । स्टालिन जसले छोरा मारेर देश बचाए, हाम्रा कम्युनिस्ट आफू र आफन्त पोस्न देश मार्दैछन् । दूध पानी छुट्याउँ- स्टालिनको राष्ट्रवाद र ओली प्रचण्डको देशभक्ति । सरसर्ती घटना हेरे पुग्छ, डीएनए टेस्ट गर्नै पर्दैन ।

हामी बडामहाराज पृथ्वीनारायण शाह जिन्दावाद भन्न सक्दैनौं, यस्ता वीर योद्धाहरुको सालिक तोडफोड गर्छौं । बुद्ध नेपाल, शान्त नेपाल, स्वाधीन नेपाल, सगरमाथा नेपाल, हाम्रो नेपाल बनाउने सोच मदन भण्डारीमा थियो । उनी दासढुंगाबाट खगारिएर मरे कि मारियो, २५ वर्ष भयो, उनकी श्रीमती राष्ट्रपति बोल्दिनन् । उनको पार्टी नेकपा नै रहस्य खोतल्दैन । दुर्भाग्य यही हो, नेपाली कम्युनिस्टहरु देशभन्दा दामलाई महत्व दिन्छन् । सत्य र सेवाभन्दा सत्ता राजनीति गर्छन् । यी कस्ता माओ, मार्क्स, स्टालिनका चेला हुन् ? देश भर्सेलै होस्, सत्ता र सुख यिनको लक्ष्य बनेको छ । बिग्रने युवालाई लागुऔषधको, यिनमा सत्ताको नशा ।

एकीकरण थाल्दा पृथ्वीनारायण शाह २० वर्षका थिए । इच्छाशक्ति थियो र उनले नेपालको एकीकरण सम्पन्न गरे । त्यो दुःखले आर्ज्याको स्वतन्त्र नेपाल आज अघोषित पराधीनताको चक्रब्युहमा परिसक्यो । बहुदल आयो, लोकतन्त्र आयो, गणतन्त्र आयो, देशको स्वाधीनतामाथि विदेशतन्त्र हावी भयो । डा. बाबुरामकै शब्दमा नेपालको साँचो विदेशीको हातमा छ । देशबासी देशभक्त छन्, तिनको जीवन साह्रै कष्टप्रद छ । देशका चालक, सञ्चालक, शासक दल र नेताहरु दलीय र आर्थिक साम्राज्य फैलाइरहेका छन् । मानौं नेपाल भनेको गरिबीको हाटबजार हो र हाम्रा नेताहरु गरिबीलाई थोकमा खरिद बिक्री गर्ने फौबन्जार हुन् ।

राणाकालमा तिहारमा जुवा फुक्थ्यो र दिव्यदेव चमत्कारिक कौडा हान्थे अनि भूपदेव हिसाब राख्थे । महाभारतको द्युतमा सकुनीले जस्तै जालसाजपूर्ण कौडा हान्थे दिव्यदेव । २०६३ सालपछि नेपाली राजनीतिमा काटमार र लुटामार, लोकतन्त्रको नाममा जालझेल भइरहेछ । विदेशीको व्युह रचना र चक्लाबन्दीमा राष्ट्रियताको चौबन्दी च्यात्ने काम तीव्र गतिमा जारी छ । कुबेरका सन्तान नेपाली, भीख माग्ने दिन भोगिरहेका छन् । दैत्यगुरु शुक्राचार्यलाई पनि लज्जाबोध गर्ने खालको राजनीतिक रेडलाइट इलाका बन्यो नेपाल । नेताहरु भन्छन्- नयाँ नेपाल बनाउँछौं । विगत १३ वर्षदेखि यिनकै शासन चलिरहेको छ, नायक कोही बन्न सकेन, सबैका अनुहार खलनायकसँग मिल्छ । नयाँ नेपाल बनेन, यी आफैं नयाँ अरबी शेख बनेका छन् ।

०३६, ०४६ र ०६३ सालको आन्दोलन र ०५२ सालदेखिको १० वर्षे जनयुद्धले गरिब माऱ्यो, समाज माऱ्यो, राष्ट्र माऱ्यो । त्यो विध्वंशपछि त निर्माण सुरु गर्नुपर्थ्यो । निर्माणको नाममा गजेट मिलाएर बजेट निकासा गर्ने र भ्रष्टाचार गर्ने उद्यम चलिरहेछ । भ्रष्टाचारको भाडमा लठ्ठै परेको छ लोकतन्त्र । परिवर्तनपछिको यस्तो दुर्गति र दुर्नामको जिम्मा कुनै नेता लिन तयार छैनन् । राष्ट्र अँध्यारो सुरुङ मार्गमा फसेको छ । विश्व बुद्ध शान्ति खोजिरहेको यो बेला, बुद्धको देश बिछट्टको संकटमा छ । जसले होइन भन्छ, उसले स्वयम्भूतिर हेरे हुन्छ, परेवा छटपटाइरहेको देखिनेछ ।

बुद्ध शान्ति : मानव जीवनशैली सामरिककरण, धार्मिक प्रतिद्वन्द्विताकरण हुँदै सभ्यताको चरमोत्कर्षमा पुगेको वर्तमान समयमा शान्ति साझा र अपरिहार्य आवश्यकता हो । बुद्ध धर्मावलम्बी देशहरु ८ (भुटान, बर्मा, कम्बोडिया, चीन, ताइवान, श्रीलंका, थाइल्यान्ड र जापान) मात्र छन् । तर बुद्ध, बुद्धत्व, परिनिर्माण र शान्तिको खोजीमा विश्व नै चिन्तित कालखण्ड हो यो । बुद्ध नेपालमा जन्मे, नेपाल हिन्दुराष्ट्र (२०६३ साल जेठ ४ गते राजनीतिक सहमतिमा धर्मनिरपेक्षता घोषणा गरिएको) कसरी कायम भयो र १२६ जाति तथा अनेक धर्मावलम्बीहरु प्रत्येक कालखण्डमा कसरी सद्भावपूर्ण रुपमा बसे होलान् ? विश्वकै लागि नेपाल आकर्षक मुलुक हुनुको अर्को कारण यो पनि हो । जापानले लुम्बिनीलाई जोड्दै बौद्धतीर्थहरु सारनाथ (धर्मचक्रवर्तन), राजगृह, नालन्दा (बौद्ध शिक्षालय), बुद्धगया (बोधीज्ञान), कुसीनगर (महापरिनिर्माण) जोड्ने बुद्ध करिडोर निर्माणको प्रस्ताव गरेको छ । भारतले राम करिडोरसम्मको योजना बनाइरहेको छ । चीन सिल्करोड, टीहर्ष रोडको आधुनिकीकरण गरेर वान बेल्ट वान रोड योजना सफल पार्न अघि बढेको छ । हामी आर्थिक सम्पन्नताको डोरेटो कोर्ने बेलामा आफ्नोपन बिर्सेर शक्ति राष्ट्रहरुको पिछलग्गु मुलुक बनिरहेका छौं । पृथ्वीनारायण शाहले नेपाल त दुई ढुंगाको तरुल रहेछ भनेका थिए । त्यही थियो हाम्रो परराष्ट्रनीति । हाम्रो त्यो नीति र फेवातालको डुंगा उस्तै ढलपल ढलपलमा देखिन्छ ।

एउटी भृकुटी तिब्बत पुगिन् (सोनगनसान) श्रङचङगम्पोसँग विवाह गरेर बुद्धधर्म प्रचारक बनिन् र हरिततारा बनेर चम्किरहेकी छन् । हामी सीमापारि नक्कली लुम्बिनी बनाइरहँदा त्यसको संगठित प्रतिकार गर्दैनौं, अन्तर्राष्ट्रिय नीतिहरुमा भारतसँग एकैविचार लिएर हिँड्न, सुरक्षा परिषद्मा भारतलाई समर्थन गर्न र नेपालको आन्तरिक मामिलामा भारतको सहयोग चाहियो भनेर दिल्ली दगुरिरहका छौं । सार्वभौम संसद कति सार्वभौम छ, स्वतन्त्र छ ? ठूला नेताहरुले आफ्नो अनुहार ऐनामा हेरेका छैनन् । जनमतप्रति यति डरलाग्दो हद नाघेको बेइमानी ?

पानी र युरेनियमको भण्डार, सुनभन्दा सुन्दर प्रकृति छटा छ यहाँ । हामी आफ्नै नाइटाको कस्तुरीको वासना खोज्न भौंतारिएका छौं । सुगरकोटेड साइनाइडजस्तो ठूला दलको सहमति, शासक प्रशासकको सिन्डिकेट, विदेशी र आइएनजीओका प्रभावमा परेर राष्ट्र खोक्रो पार्दैछौं । विधिको शासन र लोकतन्त्रको गरिमाले देशको सम्मान बढ्छ भन्ने यथार्थ नेताहरुको दिमागमा छिरेकै छैन ।

पक्का छ, राजनीतिक अराजकता र प्रशासनिक अन्यौलता रोक्न सकिएन भने लोकतन्त्र चलाउने ढाक्रेहरुले राष्ट्रलाई झन् फोहोरमय पार्न लामो समय लगाउने छैनन् । लोकतान्त्रिक सिन्धुमा नेपालीत्वको विन्दुको पाइन चढाउने कति राम्रो अवसर छ यो । लोकतन्त्रको मूर्ति त बन्यो, प्राण प्रतिष्ठा गर्ने कर्ता बन्न सकेनन् । अझै मरेको राजनीति ? लोकतन्त्रको मुकुटलाई मुखुण्डो बन्नबाट अहिले नरोके कहिले रोक्ने ?

देशलाई पुष्पवाटिका बनाउँछु भन्नेहरुले अनेक जातिको मुलुकलाई चिहानको चित्कारमा धकेलिदिए । २०७२ सालको भूकम्पले धरहरा ढल्दा १ सय ५५ को ज्यान गएको थियो, संघीय गणतन्त्र खडा गर्नेहरुले मुलुकबासीलाई अन्याय, विभेदको खुकुरी हान्ने अचानोमा पारेका छन् । जीवित नेपालीलाई निर्जिव गणतन्त्रे गोर्खेलौरी ?

*(गोर्खा एक्सप्रेसका सम्पादक राजन कार्कीको भर्खरै प्रकाशित 'राजा, नव-वास्सा' पुस्तकबाट)*

# विषाक्त अबिर विरुद्ध अभियान

डा. उदयराज शर्मा



अबिरले मानवको जन्मदेखि नै मनाउँदै आउने हिन्दुहरुका उत्साहपूर्ण उत्सव र धार्मिक क्रियाकलापहरुको सम्झना दिलाउन सक्छ । वास्तवमा यो धेरै महत्वपूण रंग हो । नेपालका हिन्दुहरुलाई उमंग मनाउन चाहिने चाहे त्यो दशैं तिहार वा मन्दिरहरुमा नियमित रुपमा हुने पूजाआजाका क्रियाकलापहरु हुन सबैमा अबिर अपरिहार्य हुन्छ । तर हामी कुन अबिरको बारेमा कुरा गर्दै छौ त ?

परम्परागत रुपमा सिन्दुर र अबिर वनस्पतिबाट निकालिन्थ्यो । कुमुकम, एउटा सिन्दुरको रुप सामाजिक धार्मिक चिन्हको लागि प्रयोग गरिन्छ, त्यो विशेष गरी बेसारको धुलोमा रातो रंग ल्याउन अन्य स्थानीय अवयव मिसाएर बनाइन्थ्यो । तर आधुनिक भर्मिलियन अबिर जो एउटा सिन्नावारको शुद्ध र पाउडर रुप हो त्यसमा मुख्यत मर्करी सल्फाइड पाइन्छ । परम्परागत सिन्दुरमा चमकदार रातो रंग ल्याउन प्रायः रेड लिड (लिड टेक्ट्रोसाइड) थपिन्छ । मर्करी र लिड दुवै अत्यधिक विषाक्त हुन र कार्सिनोजेनिक अर्थात क्यान्सर पैदा गराउने रुपमा चिनिन्छन् ।

धेरैजसो नियमित रुपमा नेपालका मन्दिरहरु दर्शन गर्न जान्छन् । उनीहरुले मन्दिरका मूर्तिहरु नचिनिने गरी विषाक्त भर्मिलियन पाउडरले लतपताएको देख्छन् । यीमध्ये कुनैकुनै मूर्तिहरुको मुखमा भने कोचीकोची मिठाइहरु ठोसेको पनि देखिन्छ । भक्तहरु मूर्तिलाई जबर्जस्ती खुवाउने कसरत गर्दछन जस्को कुनै अर्थ नै हुँदैन । यद्यपि हामी यस लेखमा पूजा सामग्रीमा हुने विषाक्त अबिरको बारेमा मात्रै चर्चा गर्दैछौं ।

विषाक्त अबिरको प्रयोगले स्वास्थ्य र पर्यावरणीय खतरा ल्याउन सक्छ र अनमोल मूर्तिहरुलाई क्षति पार्न सक्छ । त्यसैले विषाक्त भर्मिलियन पाउडरको प्रयोगलाई प्रतिबन्ध गर्नुपर्दछ । यस्ता विषाक्त पदार्थबाट मन्दिर र भक्तजन दुवैको संरक्षण गर्न एक अभियान नै चलाउनुपर्ने आवश्यकता देखिएको छ र हालसम्म निम्नानुसारका कार्यहरु शुरु भएका छन् ।

१) यसको प्रयोग सिमित गर्दै पूर्ण प्रतिबन्ध गर्न काठमाडौंका केही मन्दिरमा अभियान पहिले नै शुरु भइसकेको छ । जस्तै दक्षिणकाली, कालिकास्थान र बुढानीलकण्ठमा ।

२) रोटरी क्लव, रोटऱ्याक्ट क्लव, इन्टऱ्याक्ट क्लवका सदस्यहरु संलग्न भई यससम्बन्धी जनचेतना जगाउने कार्यमा लागि पर्न शुरु गरेका छन् । उनीहरुले स्थानीय सत्संग आश्रमहरु जस्तो कवीर आश्रम, सत्यसाई केन्द्रहरुमा गई यससम्बन्धी जनचेतना जगाउने कार्यलाई अघि बढाइरहेका छन् ।

३) त्यसै गरी मन्दिर व्यवस्थापन समितिहरुलाई उपयुक्त नीति अपनाउन र मन्दिर परिसरमा विषाक्त भर्मिलियन पाउडर बिक्री र प्रयोग निषेध गर्न लगाउन झकझकाउने कार्य भइरहेको छ ।

४) जुन व्यापारीले कुमकुम र गैर विषाक्ति सिन्दुर बिक्री वितरण गर्न सक्छन् । त्यस्ता व्यापारीहरुलाई प्रोत्साहन गर्ने कार्यको पनि क्रमशः शुरुवात भइरहेको छ ।

५) ग्रामीण क्षेत्रमा सिन्दुरका बिरुवाहरु रोपणका लागि प्रोत्साहन गर्ने, बिरुवा आपूर्तिका लागि नर्सरी स्थापना गर्ने कार्यहरुलाई उत्तिकै महत्व दिई अघि बढाउनुपर्दछ । सिन्दुरको बिरुवा भनेको बिक्सा ओरेलाना हो जसलाई व्यावसायिक रुपमा रोपेर एन्नाटो अर्थात (आसियोट) नामक एक प्राकृतिक सुन्तलाबाट रातो मसला उत्पादन गर्न पनि सकिन्छ । यस्ता बिरुवाका कोषाहरुले आसियोट उत्पादन गर्दछ जुन गैर विषाक्त अबिर जस्तै रातोरंगको स्रोत हुन सक्छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

पर्यटन
visit nepal 2020 Lifetime Experiences

# ओझेलमा परेको पर्यटकीय गन्तव्य : बागलुङको सर्वसिद्धि धाम

राजेशचन्द्र राजभण्डारी

नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रिपरिषद्को हवाला दिँदै १०० वटा पर्यटन गन्तव्य घोषणा गरेको छ । यतिबेला नेपाल सरकारले सन् २०२० मा नेपालमा २० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य राखेर अहिले नेपालको ७७ जिल्लामा भएको नयाँ पर्यटकीय गन्तव्यलाई पर्यटन केन्द्र घोषणा गरेपछि यसलाई धेरैले सरकारले सकारात्मक काम गरेको भनेर प्रशंसा गरिरहेको बेला अहिले नेपालमै चर्चामा रहेको बागलुङको सर्वसिद्धि धाम पञ्चकोट सरकारको नजरमा नपरेपछि बागलुङबासी आक्रोशित बनेका छन् ।

यतिबेला सरकारले १०० वटा नयाँ पर्यटन केन्द्र घोषणा गर्दैगर्दा पञ्चकोटको नामो निसाना नपर्नु दुःखको कुरा मात्र हैन, यो त सरासर सरकारको गैरजिम्मेवारीपन हो भन्ने कुरा स्पष्ट भएको छ । एकातिर प्राप्त निवेदनको आधारमा हाल १०० वटा पर्यटन केन्द्रउपर छानबिन गरेर छनौट गरेको प्रवक्ता घनश्यामले सार्वजनिक गरेको सूचनामा जनाएको छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने अहिले पनि शक्ति पहुँचकै आधारमा काम भएको देखिन्छ ।

हुन त नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले बागलुङ सदरमुकाममा भएको कार्यक्रममा बागलुङको भविष्य भनेको पञ्चकोट हो । यसलाई सबै मिलेर पूरा गर्नुस् भनेर जोड दिएर गएको कुरा अहिले पनि स्मरणीय छ तर व्यावहारिक रूपमा भने त्यसको विपरीत काम भएको छ ।

बागलुङ जिल्लालाई नयाँ धार्मिक पर्यटकीय केन्द्र बनाउने उद्देश्यले मुक्तिनाथ बाबाको नामबाट समेत चर्चित कमलनयन आचार्यले आजभन्दा केही वर्षअघि शुरुवात गरेको बागलुङ नगरपालिका वडा नम्बर ८ को सर्वसिद्धि धाम पञ्चकोट यतिबेला आफ्नै गतिमा अगाडि बढिरहेको छ । विश्वकै पर्यटन भित्र्याउने विशाल उद्देश्यका साथ नेपालका स्वर्गीय प्रधानमन्त्री सुशील कोइराला, वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली, दिनानाथ शर्मा, विमलेन्द्र निधि, अजय सुमार्गीलगायत दर्जनौं नेता गएर हजारौं जनताको हातबाट सामूहिक रूपमा शिलान्यास गरिएको ऐतिहासिक कार्यक्रमलाई बागलुङबासीले भुलेका छैनन् ।

सरकारले घोषणा गरेको पर्यटन केन्द्रलाई यहाँ विरोध गर्न खोजेको हैन । बागलुङको पञ्चकोट किन सरकारको नजरमा पर्न सकेन भन्ने प्रमुख प्रश्न हो । साँच्चै भन्ने हो भने नेपाल सरकारले गर्नुपर्ने काम यतिबेला एकजना जोगी संन्यासीले शुरुवात गरेर नेपाल सरकारलाई सहयोग गरिरहेको छ । सरकारले अहिले पूर्वाग्रह राखेको जस्तो देखिन्छ किनभने यतिबेला बागलुङको पञ्चकोट निकै चर्चामा छ । यहाँ प्रत्येक दिन सयौं स्वदेशी तथा विदेशी पर्यटक पञ्चकोटमा आएर यहाँको दृश्यालोकन गरिरहेका छन् । यहाँका मनोरम दृश्य हेरेर आनन्द लिइरहेका छन् ।

१०८ फिट अग्लो विश्व शान्ति कलश बनाउने योजनाका साथ अगाडि बढेको पञ्चकोट धाम साँच्चीकै पर्यटनको केन्द्र हो भन्दा कसैको पनि दुई मत हुनेछैन । नेपाल विश्वकै सुन्दर पर्यटनको केन्द्र हो ।



यहाँ पूर्वाधारको जरुरी छ । अहिले पञ्चकोट पुग्ने सडक पनि लगभग पूरा हुँदै गइरहेको छ । अहिले समितिले यसको काम धमाधम गरिरहेको छ । प्रत्येक वर्षको फागुन महिनामा विश्व शान्ति धनधान्यान्चल ज्ञान महायज्ञ संचालन गरेर यसलाई थप आकर्षण गर्ने काम समेत भइरहेको छ ।

एकातिर सरकारले नेपालमा विदेशी पर्यटक लाखौं भित्र्याउने लक्ष्य राखेको प्रचारप्रसार गरिरहेको छ अर्कोतिर पर्यटक भित्र्याउन सकिने ठाउँलाई सामान्य सूचीमा समेत राख्न सकेको देखिँदैन । बागलुङ जिल्लामा यसपटक गाजाको दह भैरवस्थान पर्यटन केन्द्रमा पर्न सफल भएको छ । अझै यहाँ बिहुँको रामकोट गलकोट दरबारलगायत थुप्रै पर्यटन केन्द्र सूचीमा परेको छैन ।

एक त सरकारले सूचीमा राख्यो भने यसलाई बजेट दिनुपर्ने थिएन तर पनि सरकारको नजर भने कमजोर नै देखिन्छ । इतिहासमै शक्तिशाली सरकार छ भनेर जतिसुकै प्रचारप्रसार गरे पनि अहिले मुलुकमा सबैभन्दा कमजोर सरकार छ पर्यटन मन्त्री छ तर उनको पर्यटन बुझ्ने क्षमता छैन । पर्यटन केन्द्र हेर्ने आँखामा मोतीया बिन्दु भएको छ कि जलबिन्दु पत्ता लगाउन मुश्किल छ ।

साँच्चै नेपालमा एकजना जोगीको जति पनि सरकारको दृष्टिकोण देखिदैन । एकजना जोगीले देशभरि हैन विदेशमा समेत हलचल मच्चाउने काम गरेको छ । अहिले जताततै चर्चा छ भने पञ्चकोटकै छ । सरकारले आफ्नो सूचीमा नराखे पनि जनताको मनमनमा सर्वसिद्धि धाम पञ्चकोट धामले बास गरेको छ । बागलुङ सदरमुकामदेखि नजिकै यातायातको सेवा सुविधा सबै पुगेको कारणले पनि पञ्चकोट घुम्न जाने पर्यटकको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ । आफ्नै सवारीसाधन हुनेहरूको लागि पञ्चकोट राम्रो पर्यटकीय गन्तव्य साबित भएको छ ।

अहिले यहाँ मात्रै कामको शुरूवात भएको छ । केही पूर्वाधार निर्माण भइसकेको छ । मुख्य भनेको १०८ फिट अग्लो विश्व शान्ति कलश बनाउनका लागि नक्सा बनाउनेदेखि माटो परीक्षण गर्ने काम पनि सम्पन्न भइसकेको छ । अब केही वर्षभित्र पूरा गर्ने लक्षसाथ मुक्तिनाथ बाबा कमलानयन आचार्य लागि रहनुभएको छ । यसलाई सफल बनाउन स्थानीय तह जनप्रतिनिधि स्थानीयबासी जिल्लाबासी मात्रै हैन देशबासीले यसको सहयोगको लागि आर्थिक नैतिक भौतिक सहयोग गरिरहेका छन् ।

'खुलेर बोलौं, विभेद रोकौं'
'महिला हिंसा विरूद्ध शून्य सहिष्णुता कायम गरौं'
'दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं'
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# रुस-युक्रेनबीच किन बढ्यो तनाव ?



**विष्णु भट्टराई**

रुस र युक्रेनबीच यतिबेला तनाव बढेको छ । रुसले युक्रेनका तीनवटा नौसैनिक जहाज र त्यसमा रहेका २४ जनालाई कर्च स्ट्रिटबाट नियन्त्रणमा लिएपछि रुसको चौतर्फी आलोचना भइरहेको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनी नौसैनिक जहाज र तिनीहरूमा रहेका नौसैनिकमाथि गोली चलाएको विषयमा विस्तृत रिपोर्ट पर्खिरहेको बताएका छन् । अमेरिकाले युरोपेली देशलाई पनि यो घटनामा युक्रेनको समर्थन गर्न र रुसमाथि थप दबाब बनाउन आग्रह गरिसकेका छन् । अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता हिथर नुआर्टले रुसविरुद्धको नाकाबन्दी कडाइपूर्वक लागू गर्नुपर्नेमा जोड दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूलाई राष्ट्रिय सुरक्षा सल्लाहकारबाट आउने रिपोर्ट निर्णायक हुने बताएका छन् । उनले भने, 'हुन सक्छ कि म उनीसँग कुराकानी नगरौं । मलाई आक्रामक रबैया मन पर्दैन । म कसैले आक्रामक क्रियाकलाप नगरोस् भन्ने चाहन्छु ।' यसअघि राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले भनेका थिए, 'शुक्रबार र शनिबार आयोजना हुने यस सम्मेलनमा दुई नेताबीच, सुरक्षा, हतियारमाथिको नियन्त्रण, युक्रेन र मध्य पूर्वको मुद्दामा छलफल हुन सक्छ ।'

रुसी तटरक्षकले क्रिमिया प्रायद्वीपनजिक युक्रेनका तीन नौसैनिक जहाजमाथि गोली चलाएर आफ्नो नियन्त्रणमा लिए । क्राइमिया नजिकैको सो समुद्री मार्ग सन् २०१४ मा भएको जनमत संग्रहबाट क्राइमिया औपचारिक रूपमा रुसमा बिलय भएपछि रुसतर्फ गाभिएको थियो । अहिलेको तनाव क्राइमिया र रुसबीच पर्ने सोही कर्च स्ट्रेटलाई लिएर भएको हो । जो एक साँघुरो र व्यस्त जलमार्ग हो । विवादपछि रुसले कर्च स्ट्रेटको महत्वपूर्ण बाटोमा ट्यांकर राखेर जलमार्गमा अवरोध गरेको छ । युक्रेनले यसलाई रुसको आक्रामक रबैया भनेको छ भने रुसले युक्रेनी नौसैनिक जहाजहरू अवैध रूपमा आफ्नो सीमा क्षेत्रभित्र प्रवेश गरेको जनाएको छ । तर, युक्रेनले रुसलाई यस विषयमा पहिले नै जानकारी दिएको बताएको छ । सन् २००३ मा रुस र युक्रेनबीच एक सन्धि भएको थियो । जसअनुसार कर्चको सो समुद्री बाटो र अजोभ सागरबीचको जलमार्ग बाँडिएको थियो ।

युक्रेनले रुसले नौसैनिक कब्जामा लिएपछि रुससँग सीमा जोडिएको पूर्वी युक्रेनमा सैनिक कानुन (मार्सल ल) लागू गरेको छ । सोही अनुसार यो क्षेत्रमा १६ वर्षदेखि ६० वर्षसम्मका रुसी नागरिकलाई युक्रेन भ्रमणमा समेत रोक लगाइएको छ । युक्रेनको यो कदम रुससँगको प्रतिशोधपूर्ण कदमका रूपमा हेरिएको छ । २६ डिसेम्बरसम्म कायम रहने सैनिक कानुन युक्रेनका १० वटा क्षेत्रमा लागू हुनेछ । यी १० क्षेत्रमध्ये पाँचवटा क्षेत्र रसियासँगको सीमा क्षेत्रका रहेका छन् भने दुईवटा माल्डोभासँगको सीमा क्षेत्रका रहेका छन् । जुन क्षेत्रमा रसियन सैनिकको उपस्थिति रहेको छ । बाँकी रहेका तीन क्षेत्र भने काला सागर र अजोभ सागरसँगको सीमा क्षेत्रमा रहेका छन् । यी क्षेत्र सन् २०१४ मा रुसमा गाभिएको क्राइमियासँगै रहेको छ । यसरी सैनिक कानुन लगाएका क्षेत्रमा रुसी नागरिकले आवतजावत गर्न पाउनेछैनन् । अर्को कुरा यो क्षेत्रमा रहेका युक्रेनी पृथकतावादीविरुद्ध बल प्रयोगको सम्भवना पनि उत्तिकै छ । युक्रेनका विद्रोहीमाथिको यस्तो दमनले थप समस्या निम्त्याउन सक्छ । गत वर्ष मात्रै यो क्षेत्र हुँदै १५ लाख रुसी नागरिकले युक्रेनको भ्रमण गरेका थिए ।

सन् १९५४ सम्म रुसको भागका रुपमा रहेको क्राइमियालाई स्टालिनको मृत्युपछि सोभियत संघका नेता निकिता ख्रुस्चेभले युक्रेनलाई सुम्पिए । त्यसबेला यो क्षेत्रलाई लिएर विवाद बाहिर आएन । त्यसको एउटा कारण सोभियत संघ र अमेरिकाबीचको शीतयुद्धको अवस्था र दोस्रो कारण यी दुवै राष्ट्र सोभियत संघभित्रका अंग थिए । सन् २०१४ को मार्च महिनामा



युक्रेनको सीमा क्षेत्र क्राइमिया जनमत संग्रह गर्दै रुसमा गाभिएको थियो । यसै घटनादेखि रुस र युक्रेनबीचको सम्बन्धमा तिक्तता आएको हो । संयुक्त राष्ट्र संघको रिपोर्टअनुसार दोनियेत्स्क र लहानस्क इलाकामा १० हजारभन्दा बढी सर्वसाधारण मारिएका छन् ।

युक्रेन रुसमाथि आफ्नो पूर्वी क्षेत्रमा सेना पठाएर पृथकतावादी तयार गरेको आरोप लगाइरहेको छ । रुसले यो आरोपको खण्डन गरिरहेको छ । तर, उसले रुसी स्वयंसेवकले पीडितको सहयोग गरिरहेको भने स्वीकार गर्ने गरेको छ । रुस र क्राइमिया समुद्रको बाटोमा





एक अर्कासँग जोडिएका छन् । यसै कारण दुई देशका लागि कर्च जलमार्ग महत्वपूर्ण रहेको छ । पछिल्ला केही वर्षदेखि रुसले यो जलमार्गमा हिँड्ने युक्रेनी जहाजमाथि चेकजाँच गर्ने गरेको छ । रुसले सुरक्षाका कारण यो आवश्यक भएको रुसको तर्क छ । युक्रेनका राष्ट्रपति पेट्रो पोरोसेन्कोले भने यो दलीललाई खारेज गर्दै यसबाट युक्रेनको अर्थव्यवस्थामा नै नकारात्मक असर परेको बताउँदै आएका छन् । पछिल्लो घटनालाई लिएर युक्रेनले रुससँगको सीधा हवाई उडान रोकेको छ ।

दुई देशबीचको विवाद सन् २०१४ को सुरुवातमा सुरु भएको थियो । रुसको समर्थनप्राप्त युक्रेनी राष्ट्रपति भिक्टर यानुकोभिचका विरुद्धमा युक्रेनको राजधानी किभमा हिंसात्मक प्रदर्शन गरेपछि रुस समर्थित सेनाले युक्रेनको अधिनमा रहेको स्वायत्त गणराज्य क्राइमियालाई आफ्नो कब्जामा लियो । क्राइमिया यस क्षेत्रको एउटा रणनीतिक महत्वको राज्य हो । इतिहासमा यो कसको अधिनमा रहने भन्ने विषयलाई लिएर दर्जनौंपटक संघर्ष भएका छन् । पछिल्लोपटक सन् १९५४ मात्रै यो युक्रेनको सीमा क्षेत्रभित्र परेको थियो । त्यसअघि यो सोभियत संघअन्तर्गत पनि रुसभित्रै पर्दथ्यो । त्यति मात्रै होइन यहाँ रहने अधिकांश मानिस रसियन र रुसी भाषी नै रहेका छन् । यसै कारण पनि सन् २०१४ मा रुसमा गाभिने या युक्रेनमा रहने भन्ने विषयमा भएको जनमत संग्रहको नतिजा रुसमा गाभिने पक्षमा आयो । अहिले जसरी युक्रेनले प्रत्यक्ष रूपमा रुसी सेनाले क्राइमियालाई रुसमा गाभेको दाबी गर्दै आएको छ, त्यो यथार्थ होइन । बरु यो क्राइमियाको जनताको बहुमतको निर्णय हो । यद्यपि यो जनमत संग्रहलाई युक्रेन र पश्चिमा देशले अस्वीकार गर्दै गैरकानुनी भएको बताउँदै आएका छन् ।

क्राइमियाको विषयलाई लिएर विवादको विजारोपण सन् १७८३ मा नै भएको थियो । जतिबेला रुसी महारानी क्याथरिनले यो प्रायद्वीपमाथि कब्जा गरेकी थिइन् । सन् १९५४ सम्म रुसको भागका रूपमा रहेको क्राइमियालाई रुसमा स्टालिनको मृत्युपछि सोभियत संघ कम्युनिस्ट पार्टीका हर्ताकर्ता बनेका निकिता ख्रुस्चेभले युक्रेनलाई सुम्पिएका थिए । त्यसबेला यो क्षेत्रलाई लिएर ठूलो विवाद बाहिर आएन, किनकि त्यसबेला रुस र अमेरिकाबीचको शीतयुद्धले धेरै कुरालाई ओझेलमा पार्न थालेको थियो भने युक्रेन र रुस दुवै राष्ट्र सोभियत संघका अंग थिए । त्यतिबेला सोभियत संघ विश्वको समाजवादी खेमाको नेतृत्वकर्ता तथा अमेरिका र पुँजीवादी राष्ट्रविरुद्धको संघर्षको प्रमुख शक्ति रहेकाले त्यसको विभाजन कल्पना गरिएकै थिएन । त्यसैले पनि त्यसपछि सोभियत संघको नेतृत्वमा आएका कुनै नेताले क्राइमियालाई रुसभित्रै ल्याइहाल्न चाहेनन् । सन् १९९१ मा सोभियत संघ विघटन भएर युक्रेन स्वतन्त्र देश बन्दा क्राइमिया युक्रेनसँगै गयो ।

सन् २०१७ सम्म सेवास्टोपलमा रुसी सेना रहने सहमति थियो । तर २०१० मा भिक्टर यानुकोभिच युक्रेनी राष्ट्रपति भएपछि रुसस''ग सस्तो कच्चा तेलको बदलामा यो सम्झौतालाई थप २५ वर्ष लम्ब्याउन युक्रेन तयार भएको थियो

बोल्सेभिक क्रान्ति सफल भएर लेनिनको नेतृत्वमा रुसमा समाजवाद स्थापना हुँदा सन् १९१७ मा किभमा केन्द्रीय रादा परिषद्को स्थापना गरिएको थियो । सन् १९१८ मा युक्रेनले स्वतन्त्रताको घोषणा गऱ्यो । तर, सरकार पूरै युक्रेनमा नियन्त्रण गर्न सफल भएन र गृहयुद्धको अवस्था देखा पऱ्यो । अर्कोतर्फ रुसी रेड आर्मीले दुई तिहाइ युक्रेन जित्यो र सन् १९२१ मा युक्रेनियन सोभियत स्पेसलिस्ट रिपब्लिकको स्थापना भयो । युक्रेनको एकतिहाइ बँचेको भाग पोल्यान्डमा गाभियो ।

क्राइमियामा अधिकांश जनसंख्या रुसी नै रहेको छ । तर, यो क्षेत्रमा युक्रेनियाई र अन्य क्राइमियाई अल्पसंख्यक पनि रहेका छन् । क्राइमिया कुनै समय नाजीहरूको कब्जामा पनि पऱ्यो । रुसमा बोल्सेभिक क्रान्ति सम्पन्न भएपछि सन् १९३९/४० मा दोस्रो विश्वयुद्धका क्रममा यो क्षेत्र नाजीको कब्जामा पऱ्यो । युक्रेनको यो क्षेत्र त्यसअघि पोल्यान्डको कब्जामा थियो । सन् १९६० को दशकमा युक्रेनमा सोभियत शासनप्रति विरोध बढ्यो र सन् १९७२ सोभियत शासनको विरोध गर्नेमाथि दमन गरिएपछि थप आक्रोश चुलियो ।

काला सागरमा एउटा महत्वपूर्ण बन्दरगाह हो, सेवास्टोपल । जुन क्राइमिया प्रायद्वीपमा नै पर्छ । यो क्षेत्रमा सन् १७८३ देखि नै नौसेना तैनाथ रहेका छन् । सोभियत संघको विघटनपछि यहाँ तैनाथ भएका नौसेनालाई पनि युक्रेन र रुसबीच दुई भागमा बाँडिएको थियो । यहाँ रहेका रुसी सेना पनि दुई देशबीचको तनावको केन्द्रमा रहँदै आएको छ । दुई देशबीच नै सन् २०१७ सम्म यहाँ रुसी सेना रहने सहमति भएको थियो । तर, सन् २०१० मा भएको निर्वाचनमा भिक्टर यानुकोभिच विजयी भएपछि रुससँग सस्तो कच्चा तेलको बदलामा यो सम्झौतालाई थप २५ वर्ष लम्ब्याउन युक्रेन तयार भएको थियो ।

*एजेन्सीको सहयोगमा*

## रोचक संसार

### पेटले थिचेर प्रेमीको हत्या



दुनियाँमा मान्छेको हत्या गर्नका लागि घाँटी थिचिएको, हतियार प्रयोग गरिएको, विष खुवाइएकोजस्ता घटना त सुनिएकै हो । तर, एकजना महिलाले आफ्नो पेट प्रयोग गरी मानिसको हत्या गरेकी छन् । अमेरिकाको पेन्सिल्भेनियामा एक महिलाले आफ्नै पेटले थिचेर प्रेमीको हत्या गरेकी हुन् । ४४ वर्षीया विन्डी थोमसले आफ्नो पेटले थिचेर प्रेमी किनो बटलरको हत्या गरेको कुरा प्रहरीसमक्ष स्वीकारेकी छन् । उनको त्यो बयान सुन्दा पुलिस पनि झसङ्ग भएका थिए । आखिर उनले कसरी र किन यस्तो गरिन् ? पुलिस अधिकारीका अनुसार पेटले थिचेर मान्छेको हत्या भएको यो सायद पहिलो घटना हुनसक्छ ।

वास्तवमा पेटले थिचेर प्रेमीको हत्या गर्ने ती महिलाको जिउको वजन १ सय ३३ किलो थियो । त्यसैले उनले आफ्नो भारी भरकम पेटले ब्वायफ्रेण्डको गला थिचिदिइन् । जसका कारण बटलरले स्वास फेर्न पाएनन् र उनको मृत्यु भयो ।

डिसेम्बर ३ मा अदालतमा भएको सुनुवाइका क्रममा बोल्दै आरोपी महिलाले भुलबस यस्तो हुन गएको भन्दै आफ्नो बचाउ गरेकी थिइन् । आफू रक्सीको नशामा रहेको र अचानक प्रेमीमाथि बस्दा थिचिएर ज्यान गएको जिकिर उनको छ ।

### कत्रो पेट

एकजना महिलाको पेटभित्र २६ किलोको मासु पलायो भने अवस्था के होला ? अण्डासयमा पलाएको २६ किलोको फोका अर्थात् सिस्ट शल्यक्रिया



गरेर निकालेपछि एकजना महिलाको तौल नै एक तिहाइले घटेको छ । उनको पेटमा रहेको त्यो डल्लोको तौल सातवटा नवजात शिशु जत्तिकै हुन आउँछ ।

किली फावेलको पेट बढ्दै गयो । पेट बढ्दै गएपछि उनले गर्भ परीक्षण गराइन् । तर रिजल्ट नेगेटिभ आयो । पेट यसरी बढ्दै थियो कि गर्भ परीक्षणको नतिजा नेगेटिभ आएको भएपनि त्यसलाई पत्याउन डाक्टर हरुलाई पनि हम्मे पर्यो । उनी गर्भवती नै भएको तर गर्भ जाँच्ने साधनले धोका दिएको हुनसक्ने डाक्टरहरुको प्रारम्भिक अनुमान थियो ।

२८ वर्षकी कीलीलाई चिन्ने मान्छेहरुले पनि डेलिभरी डेट सोधेर हैरान बनाउँथे । उनले आफू मोटाएर यस्तो भएको भनेर भन्दा पत्याउने कोही भएनन् । बेलायतको स्वान्सी सहरमा बस्ने कीलीको पेट सन् २०१४ बाट बढ्न सुरु गरेको थियो ।

उनी आफ्नो पार्टनर जेमी गिब्बिनसँग बस्दै आएकी थिइन् । पेट बढ्दै जाँदा कतै गर्भ रह्यो कि भनेर उनीहरुले घरमै परीक्षण गरे । तर नतिजा नेगेटिभ थियो । उनले सन् २०१६ मा बल्ल डाक्टरलाई देखाइन् । डाक्टरले पनि सुरुमा गर्भ परीक्षण गर्यो । नतिजा नेगेटिभ निस्कियो । तर पेटको आकार प्रकार सबै हेरेपछि डाक्टरले पनि अनुमान लगायो कि उनी गर्भवती नै हुन् । आफूलाई हेर्दा जो कोहीले पनि नौ महिनाको गर्भ पुगिसकेको लख काट्ने गरेको उनी बताउँछिन् । अन्ततः गत वर्षको जनवरीमा डाक्टरले उनलाई अल्ट्रासाउण्डका लागि रिफर गरे । पेटको अल्ट्रासाउण्ड गर्दा स्क्रिनमा रित्तो देखिएपछि रेडियोलोजिस्ट एकाएक आत्तिएको उनी अहिले पनि झल्झल्ती सम्झिन्छिन् ।

अल्ट्रासाउण्डको ह्याण्डिल पेटमा यत्रतत्र दौडाउँदा पनि मेसिनले केही फेला पारेन । कतै मेसिनै बिग्रियो भने रेडियोलोजिस्टले हेरिन् । तर त्यस्तो थिएन । डाक्टर त्यसरी आत्तिएको देखेपछि उनी डराइन् । त्यसपछि उनलाई इमर्जेन्सी सिटी स्क्यानमा पठाइयो । बल्ल उनको पेटमा तरल पदार्थ भरिएको बडेमाको डल्लो भएको पत्ता लाग्यो ।

### नङ पाल्ने शोख

बाजी जित्नका लागि रुसमा एकजना युवतीले यस्तो काम गरिन् कि त्यसबाट रुसमा नयाँ रेकर्ड नै कायम भयो । ती युवतीले लगातार चार वर्षसम्म आफ्ना औंलाका नङ काटिनन् । जसका कारण हातका औंलाका नङ १२ सेमीसम्म लामा भएका थिए ।

एलिनाका अनुसार, उनले आफ्ना साथीहरुसँग बाजी राखेकी थिइन् ।



तैले नङ पाल्न सक्दिनस् भनेर साथीले भनेपछि उनले नङ पाल्न सुरु गरिन् । जसका कारण उनले ४ वर्षसम्म नङ पाल्नुपर्यो । ४ वर्षसम्म नङ नकाट्दा नङको लम्बाई १२ सेन्टिमिटर पुगेको थियो । आफ्ना नङलाई बच्चाजस्तै माया गर्ने उनी बताउँछिन् । तर अरु मानिसलाई भने आफ्ना नङ देख्दा अचम्म लाग्ने गरेको अनुभव उनको छ ।

सेन्ट पिटर्सबर्गमा बस्ने एलिना आफूलाई दैनिक जीवनमा काममा नङका कारण कुनै अप्ठेरो नभएको बताउँछिन् । सबैभन्दा लामो नङ भएको मानिसका रुपमा अहिले उनको नाम राष्ट्रिय कीर्तिमानमा दर्ज भएको छ । उनले त्यसको प्रमाणपत्र पनि पाइसकेकी छन् ।

### नग्नता प्रदर्शन गर्दा पक्राउ

गत महिना भारतको केरलास्थित विवादित सबरीमाला मन्दिरमा प्रवेश गर्ने असफल प्रयास गर्ने एक युवतीलाई पुलिसले पक्राउ गरेको छ । अश्लीलता प्रदर्शन गराउने खालको एक तस्वीर पोस्ट गरेको आरोपमा उनलाई गिरफ्तार गरिएको हो । ३२ वर्षकी रेहाना फातिमा नामकी ती युवतीले सवरीमाला मन्दिर जाने समयमा फेसबुकमा आफ्नो एक सेल्फी पोष्ट गरेकी थिइन् । उक्त तस्वीरमा उनले आफ्ना तिघ्रा देखाएकी



छन् । टेलिकम टेक्निसियनको रुपमा काम गर्ने ती युवती मोडेल पनि हुन् । गत अक्टोबरमा एक महिला पत्रकारसँगै रेहाना सबरीमाला मन्दिर पुगेकी थिइन् । उनी मन्दिरको मुख्य द्वारसम्म पुगेकी थिइन्, तर भक्तजनको विरोधका कारण उनी मन्दिरभित्र छिर्न पाइनन् ।

गत सेप्टेम्बरमा उक्त मन्दिरमा सबै उमेरका महिलालाई प्रवेश दिनका लागि भारतको सर्वोच्च अदालतले आदेश जारी गरेको थियो । तर स्थानीय मानिस तथा भक्तजनहरुले उक्त आदेशको उल्लंघन गरिरहेका छन् ।

मन्दिर छिर्ने असफल प्रयास गर्ने ती युवती गत मंगलबार कोच्चीस्थित आफ्नै कार्यालयबाट पक्राउ परिन् । धार्मिक भावनामाथि खलल पूराएको आरोप उनीमाथि रहेको छ । गत हप्ता सबरीमाला मन्दिर जाने बाटोमा उनले आफ्नो तस्वीर खिचेर फेसबुक अकाउन्टमा अपलोड गरेकी थिइन् । उक्त तस्वीरमा उनी कालो कपडामा रहेकी छिन् । उनको निधारमा चन्दन लगाइएको छ भने तल्लो भागका छोटा कपडाका कारण तिघ्रा देखिएका छन् ।उनको उक्त तस्वीरले सबरीमाला मन्दिरका भगवान अर्थात् स्वामी अयप्पाको मजाक उडाएको र धार्मिक भावनामा चोट पूराएको आरोप लगाइएको छ ।

### भाडामा गर्लफ्रेन्ड

आजकलका किशोर तथा युवकहरुमा गर्लफ्रेण्ड बनाउने होडबाजी हुन्छ । पार्कमा बस्दा होस् वा सडकमा घुम्दा, जब उनीहरु युगल जोडी देख्छन् तब आफ्नो पनि गर्लफ्रेण्ड भएको भए हुन्थ्यो भनेर कल्पना गर्दछन् । तर गर्लफ्रेण्ड भएका तन्नेरीहरुको पनि आफ्नै पीडा हुन्छ । प्रेमिकाको नखरा तथा माग पूरा गर्न नसकेर हैरान भएका दुखेसो सुन्न पाइन्छ उनीहरुबाट । सायद युवकहरुको यहीं अवस्थालाई मध्यनजर गर्दै अहिले भाडामै गर्लफ्रेण्ड उपलब्ध गराउने सेवा सुरु भएको छ ।

हो, छिमेकी मुलुक चीनमा झण्डै २० रुपैयाँ खर्चमा एक सुन्दर गर्लफ्रेण्ड भाडामा पाइन्छ । चीनको गुआंगडोंगस्थित एक स्टोरमा यस्तो सुविधा छ । त्यहाँ सुन्दर तथा जवान युवतीहरुको लाइन हुन्छ । त्यहाँ कुनै पनि पुरुष गएर आफूलाई मन पर्ने युवतीलाई भाडामा गर्लफ्रेण्ड बनाएर लग्न सक्दछ । त्यसका लागि प्रति २० मिनेटको झण्डै २० रुपैयाँ रकम तिर्नुपर्दछ ।

यसरी भाडामा लिएका गर्लफ्रेण्डबाट के-के सुविधा पाइन्छ त ? धेरै आशा नगरे हुने रहेछ । ती भाडाका गर्लफ्रेण्डलाई आफूसँगै लिएर नजिकैका मल तथा स्टोरहरुमा घुमाउन सकिन्छ । सपिङ गराउने इच्छा छ भने पनि गराउन पाइन्छ ।

भाडाकी गर्लफ्रेण्डसँग लञ्च डेटिंग पनि गर्न सक्नुहुन्छ । तर यी सबै काम केवल २० मिनेटमा सकाउनु पर्दछ । यदि त्यसभन्दा बढी समय लागेमा अतिरिक्त रकम भुक्तानी गर्नुपर्दछ ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## एक लोटा पानीमा राज्य

अलेक्जेन्डर महान् विश्व विजय गर्दै भारतसम्म आइपुगेका थिए । उनले भारतबाट सोभिनियरका रूपमा एक ज्ञानी सन्त लिएर जाने विचारले सैनिकलाई सन्त खोज्न निर्देशन दिए । सैनिकहरू खोज्दै डण्डामिसको झुपडीमा पुगे । र सम्राटले बोलाएको कुरा राखे ।

डण्डामिस एक महान् सन्त थिए । उनलाई कुनै कुराको लोभ थिएन । त्यसर्थ उनले जानबाट इन्कार गरे । डण्डामिस जान नमानेपछि स्वयं अलेक्जेन्डर त्यहाँ आई भने, 'म आधा राज्यको सम्राट हुँ, मसँग हिँड्नुहोस् ।' डण्डामिसले भने,' सम्राट, हेर्दा त तँ भिखारी देखिन्छस् नि ।' सम्राट रन्थनिए र च्याप्प डण्डामिसको हात समात्दै भने- 'मलाई भिखारी त भन्नुभयो, अब प्रमाणित गरेर देखाउनुस् अन्यथा म जे पनि गर्न सक्छु ।'

डण्डामिसले हाँस्दै भने- 'सत्यलाई प्रमाणित गर्नु कुन ठूलो कुरा भयो र । सोच्नुस्, मानौं तपाईं र म मरुभूमिमा हरायौं, तपाईंका सेना, तपाईंका मान्छे सबै हराए । कयौं दिनसम्म पानीसमेत पिउन पाइएन । तपाईं पानी पानी भन्दै तड्पिरहनुभएको छ । त्यो अवस्थामा मैले एक लोटा पानी लिएर दिएँ भने त्यसको बदलामा के दिनुहुन्छ मलाई ?'

सिकन्दरले सोचेर जवाफ दिए, 'म सम्राट हुँ, जे पनि दिन सक्छु तर त्यहाँ एक लोटा पानी भनेको पानी मात्र नभएर जिन्दगी हो ।' उनले अझै सोच्दै भने 'म एक घण्टापछि मर्छु, पानीबिना' तर त्यो घण्टा पनि घट्दै थियो । उनले हाँस्दै भने-म आधा राज्य दिन्छु । नत्र मरिन्छ भन्ने उनलाई थाहा थियो । तर, डण्डामिसले लोटालाई घोप्ट्याउँदै भने,' अहँ आधा राज्यले पाइँदैन पानी, भन्नुस् के दिनुहुन्छ ?'

सबै पानी पोखिरहेको छ । उनी साह्रै निरीह बने । धेरै सोचे र सम्हालिँदै भने, 'पानी सकिँदै छ । मेरो मृत्यु नजिकिँदै छ, जम्मा आधा घण्टा' सिकन्दर कम थिएनन् उनले भने, 'म एक लोटा पानीका लागि मेरो जीवनभर कमाएको सारा राज्य दिन्छु ।' डण्डामिसले हाँसेर भने-महाराज मैले अघि नै भनेको होइन तपाईं भिखारी हुनुहुन्छ । जीवनभर कमाएको सम्पत्ति त एक लोटा पानी बराबर प्रमाणित भएन त ?

सिकन्दर राजाहरूका राजा, एक जना भिखारीका सामु खुट्टा समाउन झुके उनी । उनले भने यो सिकन्दर नभएको भए तपाईंको चेलो बन्थ्यो । उनले मर्नुअघि सबैलाई भने, म मरेपछि मेरो हात अर्थीबाट बाहिर निकालीदिनु । र, उनको मृत्युमा त्यसै गरियो । अर्थीबाट हात लमतन्न बाहिर निकालियो । सबै अचम्म परे । उनको यो अन्तिम सन्देश थियो- उनले सम्पूर्ण संसारलाई जिते तर मरेर जाँदा उनी रित्तो हात फर्किरहेका छन् । यो कुरा सबै मान्छेहरूले बुझून् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ। सोख पूरा हुनेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ। नयाँ ज्ञानले अध्ययनमा उत्साह जगाउनेछ। व्यवसायका लागि यात्रा सम्भावना छ। सुमधुर दाम्पत्यले प्रफुल्लित भइनेछ। प्रेम र मित्रताको बन्धन कसिने समय छ। आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ।

### बृष
व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। मेहनतले राम्रै प्रतिफल दिलाउनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। तापनि, आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला।

### मिथुन
छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ। समयको मागअनुसार चल्न नसक्दा पछि परिनेछ। बौद्धिक व्यक्तिहरूसँग अनावश्यक प्रतिस्पर्धा हुन सक्छ। मेहनत गर्दा अध्ययनमा प्रगति हुनेछ।

### कर्कट
महत्वाकांक्षी योजना गोप्य राख्नुहोला। मेहनतको फल अरूलाई सुम्पनुपर्ने स्थिति आउन सक्छ। आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किन सक्छ। काम बिग्रने डरले सताइरहनेछ। बेसुरमा दिएको वचनले आफैंलाई अप्ठ्यारो पार्नेछ। नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ। परिबन्धले अप्ठ्यारो पर्न सक्छ। आमाको माध्यमबाट काम बनाउन सकिनेछ।

### सिंह
प्रयत्न गर्दा राम्रै प्रतिफल प्राप्त हुने समय छ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुन सक्छ। नयाँ तथा रचनात्मक काममा जुट्ने समय छ। मेहनतले प्रतिस्पर्धामा जित दिलाउनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्। व्यापारमा पनि मनग्य धनलाभ हुनेछ।

### कन्या
अधैर्य व्यवहारले समस्या निम्त्याउला। समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन्। अरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ। कामको सन्दर्भमा केही वादविवाद हुन सक्छ। अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। धेरै फाइदा नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला। मेहनत गर्दा रोकिएको काम बनाउन सकिनेछ।

### तुला
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले उत्साह जगाउनेछ। नयाँ कामको प्रस्ताव आउन सक्छ सक्छ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। तर सानो त्रुटिले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। आगन्तुकहरूले अलमल्याउने हुँदा चिताएको काम गर्न नसकिएला। स्वास्थ्यमा पेटको समस्याले सताउनेछ।

### बृश्चिक
अवसरको खोजीमा निकै दौडधुप गर्नुपर्ला। बेलामा होस नपुर्याउँदा केही अप्ठ्यारा चुनौती आउन सक्छन्। फाइदाका पछि लाग्दा आफ्नै धनमाल गुम्न सक्छ। साथीभाइसँगअसमझदारी बढ्न सक्छ। खर्च बढ्नुका साथै आर्थिक अभाव देखा पर्ने समय छ। पछि लाग्नेहरूले खर्च गराउनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। धेरै लगानी गर्दा थोरै फाइदा हुनेछ।

### धनु
मेहनतले आम्दानी बढाउनेछ। सानो प्रयत्न गर्दा महत्त्वपूर्ण काम बन्न सक्छ। श्रमको उच्च मूल्यांकन हुनुका साथै दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ। आयस्रोत बढे पनि उठ्नुपर्ने रकम हातलागी नहुन सक्छ। कृषि, पशुपालन तथा व्यापारमा सामान्य आर्जन हुनेछ। सञ्चित धन उपयोग गर्दा फाइदा हुनेछ। तर अरूका विषयमा चासो लिँदा झमेला बेहोर्नुपर्ला।

### मकर
विशेष भेटघाटले काममा उत्साह बढाउला। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ। सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ।

### कुम्भ
पुरानो गतिले काम बिग्रन सक्छ। न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने समय छ। काम बिग्रने भयले सताउनेछ। नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला। सानातिना काम र घरेलु समस्यामै अल्झनुपर्ला। सहयोगीहरूको भर पर्दा दुस्ख पाइनेछ। बेसुरमा काम गर्ने बानीले आफूलाई फाइदा नहुन सक्छ। सहयोगीहरू जुट्नाले दिन सामान्य उत्साहवर्द्धक रहला।

### मीन
गरेका कामबाट तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ। अवसर प्राप्त भए पनि ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ। तापनि, प्रयत्न गर्दा जिम्मेवारी पाइनेछ र केही काम बन्नेछन्। गरी आएको कामलाई भने निरन्तरता दिन सकिनेछ। आश्वासन दिनेहरूले झुक्याउन सक्छन्। अरूको स्वार्थका लागि उपयोग भइएला। पछि फाइदा दिने काम सम्पादन गर्न सकिनेछ।

## "गीत गजल" को छायांकन सकियो

चलचित्र 'गीत गजल' को छायांकन सकिएको निर्माणपक्षले जनाएको छ । आरोहण प्रोडक्सन प्रालिको ब्यानरमा आरोहण क्षेत्रीले यो चलचित्र बनाएका हुन् । चलचित्रमा अर्जुन पोखरेलको संगीत, बाबु श्रेष्ठको छायांकन, कविराज गहतराजको कोरियोग्राफी छ । निर्माता क्षेत्रीले चलचित्र निर्माणमा कुनै पनि कमी हुन नदिएको बताए । चलचित्र 'जोनी जेन्टलम्यान' निर्देशन गरेका नितिनले ' गीत गजल' रोमान्टिक प्रेमकथामा निर्माण भएको बताए । नितिन चन्दले निर्देशन गरेको यो चलचित्रमा रुप पोखरेल, आरोही सिंह, रश्मी भट्ट, विशाल पहाडी, भिमा मैनाली मुख्य भूमिकामा छन् ।

## "प्रेमनाथ" सम्पादनमा

काठमाडौं । गणेश बेलबासेद्वारा निर्देशित चलचित्र प्रेमनाथ (ए ट्रु लभ फरेभर) को छायांकन सकिएर सम्पादनको प्रारम्भिक काम शुरु भएको छ । केही दिनमा सम्पादन सकिएपछि डबिङ सुरु गर्ने बेल्बासेले बताए ।

प्रेम कथामा आधारित चलचित्र प्रेमनाथको सम्पादन अनन्त घिमिरेले गरिरहेका छन् । यो चलचित्रको छायांकन दाङ, रोल्पा, लुम्बिनी, बुटवल, भैरहवा, नेपालगन्ज, काठमाडौं र भारतको लखनउमा गरिएको थियो । चलचित्रमा राज थापाले मुख्य भूमिका निर्वाह गरेका छन् । कृति गौतम र मोनालिशा विष्टले नायिकाको रुपमा यही चलचित्रबाट डेब्यू गरेका छन् । चलचित्रमा सुरवीर पण्डित, गजित बिष्ट, नबिन श्रेष्ठ, कमल गाउँले, मियुम जिरेल, शेखरजंग मल्ल, सम्झना भेटवाल, पूजा रिजाल, सिर्जना राईलगायतको अभिनय छ । निर्देशक बेलबासे 'प्रेमनाथ' मा खलनायकको भूमिकामा छन् ।

चलचित्र नेपाल र भारत दुवै देशमा चैत महिनामा रिलिज गर्ने योजना रहेको बेल्बासेले जानकारी दिए । काठमाडौं बाहिर एफडी कम्पनी र काठमाडौं उपत्यकामा गोपाल कायस्थले चलचित्रलाई वितरण गर्नेछन् । भारतमा वितरणको जिम्मा भने बर्चस्व इन्फ्राटेक प्रालिका उमेश सिंहले लिएका छन् ।

चलचित्रको कार्यकारी निर्माता कपिल प्रसाद दवा हुन् भने मुख्य निर्माता गुहेश्वरी बेलबासे, सहनिर्माता बसन्तराज भट्ट र अनिल राई छन् । 'उहिले बाजेको पालामा' निर्माण गरिसकेका बेलवासेको यो दोस्रो चलचित्र हो ।

## मंगोलियन हार्टको २५ ठाउँमा कन्सर्ट

काठमाडौं । नेपालको चर्चित सांगीतिक समूह 'मंगोलियन हार्ट'ले आफ्नो रजत महोत्सवको अवसरमा युएईमा पनि सांगीतिक कार्यक्रम गर्ने भएको छ ।

डिसेम्बर ६ र ७ तारिखमा युएईका दुई शहर अबुधाबी र बरदुबईमा कार्यक्रम गर्न लागिएको हो । अबुधाबीमा ली मेरिडियन होटेल र बरदुबईमा अस्टोरिया होटेलस्थित क्लब एभरेष्टमा हुने छ । कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको आयोजक नेपाली रक्सले जनाएको छ । मंगोलियन हार्टका म्यानेजर एवम् गीतारिस्ट बबी लामाका अनुसार ब्याण्डको सांगीतिक यात्रा २५ वर्ष पुगेकोमा २५ ठाउँमा सांगीतिक कन्सर्ट गर्ने लक्ष्य छ । हालसम्म ८ वटा ठाउँमा कार्यक्रम सम्पन्न भइसकेको छ । यूएईका दुई वटा कार्यक्रमपछि बाँकी १५ ठाउँमा गर्ने तयारी पनि लगभग सकिन लागेको लामाले बताए ।

## "ए मेरो हजुर ३" छायांकनमा

अभिनेता अनमोल केसी र निर्देशक तथा अभिनेत्री झरना थापाकी छोरी सुहाना थापाले फिल्म 'ए मेरो हजुर ३' मा पहिलो पटक स्क्रिन साझेदारी गरेका छन् । चैत २९ मा प्रदर्शनमा आउने तय भएको फिल्मको अहिले धमाधम छायांकन भइरहेको छ । केही दिन अगाडि 'कामना अवार्ड' मा अनमोलले अवार्ड चुमेको दृश्य खिचिएको थियो ।

हालै मनाङमा फिल्मको दुई गीत खिचेर निर्माण टिम काठमाडौं 'ब्याक' भएको हो । प्रतिक अधिकारी र आशिष अविरलको स्वर तथा राहुल शाहको कोरियोग्राफी रहेको गीतमा अनमोल र सुहाना फिचर्ड छन् । गीत छायांकनका केही अचल तश्बिरहरु निर्माण टिमले रिभिल गरेको छ ।

रोमान्टिक अनमोलसँग सुहाना निकै बोल्ड देखिएकी छन् । सार्वजनिक सात तश्बिरले दर्शकमा फिल्मप्रति अझ उत्सुकता बढाउने देखिएको छ । मनाङमा सुहानाको एक सोलो गीत पनि खिचिएको छ । फिल्ममा अनमोल एक सेलिब्रेटी र सुहाना एक फ्यानको भूमिकामा छन् । यसलाई म्यूजिकल लभस्टोरी बताइएको छ । उक्त फिल्मलाई निर्देशक झरना थापाले निर्देशन गरेकी छन् ।

## "ड्रिम गर्ल" मा आयुष्मान

बलिउड फिल्मबाट कथा, पोस्टर र नाम प्रभावित वा चोरिएको आरोपबाट नेपाली फिल्म टाढा रहन सकेको छैन । यसपटक भने नेपालमा निर्माण भएर पनि प्रदर्शन भइरहेको एक फिल्मको नाममा बलिउड फिल्म निर्माण हुने भएको छ । अभिनेता आकाश श्रेष्ठको फिल्म 'ड्रिम गर्ल' नाममा बलिउड फिल्म बन्न लागेको हो ।

'बधाई हो', 'अन्धाधुन' जस्ता हिट फिल्म दिएका अभिनेता आयुष्मान खुरानाले उक्त फिल्म गर्न लागेका हुन् । सोमवार उनले आफ्नो नयाँ प्रोजेक्टको पोस्टर सार्वजनिक गरेका छन् । पोस्टर हेरेपछि दर्शकमा फिल्मप्रति उत्सुकता बढेको छ । पोस्टरमा आयुष्मान पहिलो पटक साडी लगाएर स्कुटरमा बसेका छन् ।

पोस्टरको ब्याकग्राउन्डमा रामलिला समितिको बोर्ड देख्न सकिन्छ । छेवैमा जीवन-मरणको नामको एक पसल देखिएको छ । आयुष्मानको अहिलेसम्मको फिल्मी रेकर्डलाई हेर्ने हो भने 'ड्रिम गर्ल' को पोस्टरलाई देखेर एकपटक फेरि इन्टरटेन्मेन्टको फुल डोज मिल्ने अनुमान लगाउन सकिन्छ । *(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Musty = उमेर वा समयको कारण देखिएको बुढ्यौली वा थोत्रोपन Most of the palaces constructed during Rana period have now been musty (राणाकालमा बनेका धेरैजसो दरबार अहिले थोत्रा भएका छन् )

Noisome = गनाउने The dumping of solid waste has turned the atmosphere of entire area noisome (फोहोर थुपार्ने कार्यले गर्दा पुरै वातावरणलाई दुर्गन्धपूर्ण बनाएको छ )

Ovation = गडगडाहट ताली When renowned actor came on the stage, he was greeted by tremendous ovation (जब लोकप्रिय कलाकार स्टेजमा आए, सबैले उनलाई गडगडाहट तालीले स्वागत गरे)

Precursor = अग्रज, पुर्खा Tenzing and Hillary are considered precursor of mountaineering expedition (तेन्जिङ र हिलारीलाई पर्वतारोहणको अग्रज मानिन्छ)

Quaint = पुरानो ढाँचाको, परम्परागत There are still families that encourage the wearing of quaint clothes by the bridegroom during wedding ceremony (अझै पनि यस्ता परिवार छन् जसले विवाहोत्सवमा दुलाहालाई परम्परागत लुगा लगाउन प्रोत्साहन गर्दछन्)

Rummage = गहिरिएर खोज्नु, खानतलास गर्नु As they rummaged through the abandoned house, they found many old utensils (परित्याग गरिएको घर खानतलास गर्दा तिनीहरुले धेरै पुरानो भाडाहरू फेला पारे )

Striated = चिरा परेको The earthquakes left the area highly striated (भूकम्पले जमिनलाई बेस्सरी चिरा पारिदियो)

Tumult = दंगा Because of the tumult of the mob many people lost their lives (भीडमा भएको दंगाले गर्दा धेरै मानिसले आफ्नो ज्यान गुमाए)

Unscathed = सकुशल Very few soldiers came back unscathed after suppressing the insurgent (विद्रोहीहरूलाई दबाई थोरैमात्र सरकारी सेना सकुशल घर फर्के)

Voyeur = लुकीछिपी हेर्ने व्यक्ति They called Gopal a voyeur as they found him aiming at the bedroom of the neighbours by the binaculars. (दुर्बिनले छिमेकीको घरको सुत्ने कोठाभित्र हेर्न खोजेको देखी तिनीहरूले गोपाललाई लुकीछिपी हेर्ने व्यक्तिको रुपमा दर्ज गरे)

कविता

## सब गर्न भ्याइदिएको छु



● प्रेम ओली (ढकलपुरे)

खै के भाको छ अचेल मलाई
बलात्कार भएको पनि देख्दिन
कसैले न्याय मागेको पनि देख्दिन
भोट माग्दा भासनमा
खै के के बोलें बिर्सिसकें
बुढो भनुँ भने
झन् युवा भाको जस्तो लाग्छ
कमजोर भनुँ भने
मनले कता कता ताक्छ

सरकारी भात लागेको हो कि
सत्ताको मात लागेको हो
आँखा धुमिलिँदै गाको छ
कान पनि बाक्लिँदै आको छ
पञ्चायत कालमा जुम्रोलाई पनि
भैंसी बनाएर जनतालाई पढाइयो
प्रजातन्त्रमा पनि मुसोलाई
हात्ती बनाएर लडाइयो
खै आफ्नो पालामा त
हात्तीलाई पनि मुसो देखिने रहेछ
खै के भो के भो
झन् यो सत्ता बसेपछि
भ्याप्प रतन्धो लागेको जस्तो
भाको छ ।

बलात्कार, हत्या, वाइड बडी कान्ड त
भुसुना जस्तो पो लागेको छ
मुन माताको प्रसाद लाग्या हो कि
सुकी माताको सङ्गत लाग्या हो
न निर्मला कान्ड देख्छु
न सुन कान्ड देख्छु
देख्छु त धमिजा कान्ड मात्र
बरु कता कता आफूलाई
यो देशको महाराजाको महसुस
गर्छु
पोल पोलमा फोटा झुन्ड्याएको
देख्दा दङग पर्छु
यो गरेन सरकारले
त्यो गरेन सरकारले भन्नुहुन्छ
सब गर्न भ्याइरहेको छु
न पत्याए हेर्नुस् न पोल पोलमा
भर्खरै नयाँ युग नै ल्याइदिएको छु
अब कसैले कै गर्न पर्दैन यहाँ
सब मैले गरेर भ्याइदिएको छु ।

## Put बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Put about = फैलाउनु He always put about malicious rumours ऊ सधैं अफवाह फैलाइरहन्छ ।

Put something above something = केही माथि केही राख्नु Put all these books above my bedroom ती किताबहरुलाई मेरो सुत्ने कोठामाथि राख ।

Put something across somebody = झूटो कुरा स्वीकार गराउन लगाउनु He is trying to put all such things across me उसले यस्ता सबै झूटहरु मलाई स्वीकार गराउन खोज्दैछ ।

Put oneself something across = सामना गर्नु I do not know how to put myself across at Interview अन्तर्वार्ता कसरी सामना गर्ने भन्ने कुरा मलाई थाहा छैन ।

Put something aside = छेउ लगाउनु She put newspaper aside and picked up a novel उनले पत्रिकालाई छेउ लगाइन् र एक उपन्यास टप्प समातिन ।

Put aside = थान्को लगाउनु They put aside their differences and became friend मतभिन्नतालाई थान्को लगाउँदै तिनीहरु मित्र बने ।

Put something at soemthing = ठान्नु, I put his age at about sixty म उसको उमेर ६० भएजस्तो ठान्छु ।

Put somebody away = जेल अथवा मानसिक अस्पताल पठाउनु For rubbery he was put away for ten years डकैती गरेकोमा उसलाई १० वर्षको लागि जेल चलान गरियो । ।

Put something away = थन्काउनु Since summer is over, put all your thin clothes away गर्मी सकिएकोले पातला लुगा सबै थन्काउ ।

Put something back = पहिलेकै स्थानमा राख्नु Put the cards back to the place once you finished playing खेल सकिएपछि तासलाई फेरि उही स्थानमा राख्नु ।

## सुडोकु-अंक १२९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | | २ | | ५ | ८ |
| ४ | | | | ६ | ९ | ७ | | |
| | ७ | | | | | | | |
| ८ | ९ | | | १ | | | | |
| | १ | | ३ | | ६ | | ९ | |
| | | | | २ | | | १ | ५ |
| | | | | | | | ८ | |
| | | ७ | ५ | ३ | | | | ९ |
| ५ | ३ | | २ | | | | | ६ |

## अंक १२८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २ | ९ | ८ | ३ | ४ | १ | ५ | ७ |
| १ | ७ | ८ | ६ | २ | ५ | ९ | ४ | ३ |
| ४ | ५ | ३ | ७ | १ | ९ | २ | ६ | ८ |
| ७ | ८ | १ | २ | ५ | ६ | ३ | ९ | ४ |
| ३ | ४ | ५ | ९ | ८ | १ | ७ | २ | ६ |
| ९ | ६ | २ | ४ | ७ | ३ | ८ | १ | ५ |
| ८ | ९ | ६ | ३ | ४ | २ | ५ | ७ | १ |
| ५ | ३ | ४ | १ | ९ | ७ | ६ | ८ | २ |
| २ | १ | ७ | ५ | ६ | ८ | ४ | ३ | ९ |

# सन् २०१८ मा सुरेन्द्र ढकाल प्रतिष्ठानबाट सम्पन्न समाजिक कार्यहरू


























## सन् २०१८ मा सुरेन्द्र ढकाल प्रतिष्ठानबाट निम्नानुसारका सामाजिक विकास कार्य र बिपत्तिमा सहयोगका कार्यहरू भएका छन् :

### शिव मन्दिर निर्माण हुने

काठमाडौं डिसेम्बर २ तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठान तथा महादेव सामुदायिक विकास केन्द्रबीच मुगु जिल्ला खत्याड गाउँपालिका वडा नं ११ स्थित रिखियामा एक शिव मन्दिर निर्माण गनेबारे सम्झौता भएको छ। प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकाल तथा मसावि केन्द्रका अध्यक्ष प्रेमबहादुर शाहीले हस्ताक्षर गरेको उक्त सम्झौता अनुरुप रु ३६०,००० मा एक शिव मन्दिर निर्माण गरिने र त्यसका लागि प्रतिष्ठानले रु १६०,००० सहयोगस्वरुप उपलब्ध गराउने तथा बाँकी रकम रु २००,००० खत्याड गाउँपालिका तथा स्थानीय घरधुरीहरुले मिलेर परिचालन गर्ने निर्णय भएको छ । जस बमोजिम प्रतिष्ठानले सहयोगस्वरुप उपलब्ध गराउने भनेको १६०,००० मध्ये पहिलो किस्ता रु १००,००० को चेक अध्यक्ष ढकालले अध्यक्ष शाहीलाई हस्तान्तरण गर्नुभयो र उक्त मन्दिरको निर्माण कार्य आगामी २ महिनाभित्र सम्पन्न गरिनेछ । सहयोग रकमको दोस्रो किस्ता रु ६०,००० मन्दिर निर्माण कार्य सम्पन्न भई उद्घाटन हुने दिन हस्तान्तरण गरिने जनाइएको छ । प्रतिष्ठानबाट उक्त सहयोग नेकपा (माले) को कर्णाली प्रदेश कमिटिको सिफारिसमा भएको हो ।

### सिलाइ कटाइ तालिम सम्पन्न

काठमाडौं नोभेम्बर १८ का दिन सुरेन्द ढकाल प्रतिष्ठानको सहयोग तथा नारी कल्याण समाज झापाको आयोजनामा भएको ३ महिने सिलाई कटाइ तालिम सम्पन्न भएको छ । जुलाई १३ मा प्रतिष्ठान र समाजबीच सम्झौता भएअनुसार शुरु भएको उक्त तालिम कार्यक्रममा झापाका २२ जना सुविधाविहीन महिलाहरुले भाग लिएका र तालिमपश्चात उनीहरुले तारा सेडिमेड सप्लायर्समा क्रमशः रोजगार पाएका छन् । सम्झौताअनुसार उक्त कार्यक्रमको लागि सुरेन्द्र ढकाल प्रतिष्ठानले रु ११९,००० को सहयोग प्रदान गरेको थियो भने रु ४७,००० समाजले आन्तरिक रुपमा परिचालन गरेको थियो । प्रतिष्ठानबाट भएको सहयोगको रकम रु ११९,००० मध्ये रु ९०,००० पहिलो किस्तामा र रु २९,००० अन्तिम किस्तामा गरी समाजलाई प्रदान गरिएको थियो । नेकपा (माले) झापा जिल्ला कमिटीको सिफारिसमा प्रतिष्ठानले उक्त सहयोग उपलब्ध गराएको थियो ।

### असक्त वृद्ध महिलालाई सहयोग

सेप्टेम्बर २८ तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानले कैलाली घोडाघोडी नगरपालिकाका दम रोगबाट पीडित ७५ वर्षीय पार्वती विकको उपचारको लागि रु १५००० को सहयोग गर्‍यो । यो सहयोग नेकपा (माले) सुदूरपश्चिमाञ्चल प्रदेश कमिटीको सिफारिसमा गरिएको थियो । आमा असक्त बिरामीको तर्फबाट छोरा टेकबहादुर विकले प्रतिष्ठानका अध्यक्षबाट सो रकमको चेक बुझ्नुभएको थियो ।

### ढाका तालिम सम्पन्न

सुरेन्द्र ढकाल प्रतिष्ठानको आर्थिक सहयोग तथा सुवास टेक्साटायल उद्योग स्याङजाको आयोजनामा तीन महिने ढाका कपडा बुनाइ तालिम सेप्टेम्बर १६ तारिखमा सम्पन्न भयो । उक्त तालिम स्याङजा जिल्ला पुतलीबजार नगरपालिका क्षेत्रका १६ जना सुविधाविहिन महिलाहरुलाई प्रदान गरिएको थियो । उक्त तालिमपश्चात महिलाहरुले ढाकाका स्कार्प, ओढने, टाइ र खल्ती रुमाल उत्पादन गर्न सक्षम भएका थिए । कुल लागत ३४६,००० मा सम्पन्न भएको उक्त तालिमको लागि सुरेन्द्र ढकाल प्रतिष्ठानले पहिलो किस्तामा रु १६०,००० र अन्तिम किस्ता रु ८०,००० गरी कूल २४०,००० को सहयोग प्रदान गरेको थियो । बाँकी १०६,००० रकम पुतलीबजार नगरपालिका तथा सुवास टेक्सटायल उद्योगले परिचालन गरेको थियो । तालिम सम्पन्न भएपश्चात सेप्टेम्बर १६ का दिन पुतलीबजारमा भएको एक समारोहको बीच प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले सबै सफल प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रमको लागि सुरेन्द्र ढकाल प्रतिष्ठानले नेकपा (माले) ४ नं प्रदेश कमिटीको सदस्य नेत्रबहादुर थापाको सिफारिसमा सहयोग उपलब्ध गराएको थियो ।

### विद्यालयलाई सहयोग

अगष्ट २९ तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानले नगरकोट आधारभूत विद्यालय भक्तपुरको शिशुकक्षा सजाउने उद्देश्यको लागि रु २५००० को सहयोग विद्यालयलाई गरेको छ । उक्त रकम प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले विद्यालयका पूर्व प्रधानाध्यापक सुदर्शन लामिछानेलाई हस्तान्तरण गर्नुभएको थियो । प्रतिष्ठानबाट भएको उक्त सहयोगको लागि नेकपा (माले) भक्तपुर जिल्ला कमिटीले सिफारिस गरेको थियो ।

### आय आर्जनको लागि सहयोग

अगष्ट २५ तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानले नेकपा (माले) केन्द्रीय सदस्य दिनेश खाती तथा भक्तपुर जिल्ला कमिटीको संयुक्त सिफारिसमा आनन्द अछामीलाई जुत्ता उत्पादन गरी आयआर्जन गर्न सहयोग पुर्‍याउने उद्देश्यले निर्ब्याजी ऋणस्वरुप रु. ५०,००० उपलब्ध गराएको छ । सो रकम प्राप्त गर्नासाथ अछामीले जुत्ता उत्पादन गरी बिक्री वितरण गर्न थालेका छन् । मासिक रुपमा १५०० को दरले उक्त रकम अछामीले फिर्ता गर्ने शर्तमा सो सापटी सहयोग भएको थियो ।

### पीडित बालकलाई सहयोग

अगष्ट ५ तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानले सिन्धुपाल्चोक जिल्लाका रक्त क्यान्सर पीडित बालक साइरस श्रेष्ठको उपचारको लागि रु ५००० को सहयोग गरेको छ । सम्मान मेडियाका उमेश केसीको अनुरोधमा उक्त रकम प्रदान गरिएको हो । उक्त रकम एनआइसि बैंकको खाना नं. १३८७७४७५१७५२४००१ बानेश्वरको किशोरी तामाङको खातामा जम्मा गरिएको थियो ।

### लघु सिचाइ आयोजना सम्पन्न

मे महिनाको ३० तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले कैलाली जिल्ला घोडाघोडी नगरपालिका वडा नं ९ रामशिखरझालामा जडिएको दुईवटा बोरिङ सिचाइ योजनाको उद्घाटन गर्नुभयो ।

यसबाट २५ विघा बाँझो जमिन पुरै सालभर सिचाइ भई त्यस क्षेत्रका कृषकहरले धानसहित ३ बालीसम्म लगाई आर्थिक रुपमा आत्मनिर्भर हुन सक्ने भएका छन् । कूल २०५,००० को लागतमा जडान गरिएको उक्त बोरिङ सिचाई योजना नेकपा (माले) ७ नम्बर प्रदेश कमिटीका सचिव परेक रावलको सिफारिस र समन्वयमा सुरेन्द्र ढकाल प्रतिष्ठानले रु. १२०,००० प्रदान गरेको थियो भने रु. ८५००० भने उक्त सिचाइ कार्यक्रमबाट लाभान्वित हुने कृषकहरुको प्रति घरधुरीबाट गरी रु. ८५,००० उठाइएको थियो । उक्त कार्यक्रम सम्पन्न गर्नको लागि स्थानीय महिला कृषक सुनिता विकको अध्यक्षतामा एक सिंचाइ उपभोक्ता समिति गठन गरी काम गरिएको थियो ।

### छात्रछात्रालाई सहयोग

मे महिनाको १९ तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानले भक्तपुर जिल्लाका गुण्डु र सिपाडोलमा रहेका सामुदायिक विद्यालयका २० जना गरिब छात्रछात्रालाई विद्यालय पोसाक, झोला, जुत्ता र शैक्षिक सामग्रीहरु प्रदान गरेको छ । कुल रकम रु ८५,००० हजार बराबरीको उक्त सहयोग नेकपा (माले) का केन्द्रीय सदस्य दिनेस खाती तथा भक्तपुर जिल्ला कमिटीको संयुक्त सिफारिसमा प्रतिष्ठानले उक्त सहयोग गरेको थियो ।

### अग्निपीडितलाई सहयोग

मे महनिाको १७ तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानले दोलखा जिल्ला बैतेश्वर गाउँपालिका वडा नं ८ का अम्बरबहादुर बस्नेतलाई रु. १०,००० को सहयोग गरेको थियो । बस्नेतको आगलागीको कारण पुरै घर ध्वस्त भएको थियो । उक्त सहयोग स्थानीय युवा कार्यकर्ता मीनबहादुर शिवाकोटीको अनुरोधमा प्रतिष्ठानले उपलब्ध गराएको थियो ।

### विद्यालयलाई सहयोग

अप्रिल महिनाको २९ तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानले खोटाङ जिल्लाको साकेला गाउँपालिकामा रहेको श्री बालबालिका उच्च माध्यामिक विद्यालयको पुस्तकालयको लागि आवश्यक फर्निचर तथा कक्षा कोठाको लागि डेस्क बेन्च बनाउनको लागि रु. ११०,००० को सहयोग उपलब्ध गराएको छ । नेकपा (माले) १ नम्बर प्रदेशका सचिव केपी फुयालको सिफारिसमा प्रतिष्ठानले उक्त सहयोग गरेको हो । निर्माणको कूल रकम रु. १८८,००० मध्ये विद्यालयले रु. ७८,००० ब्यहोर्ने गरी उक्त कार्य गरिएको थियो । प्रतिष्ठानले भने सहयोग रकम रु. ८०,००० प्रथम किस्ता र रु. ३०,००० दोस्रो किस्ता गरी प्रदान गर्ने ब्यवस्था गरेको छ ।

### बाल विकास समाजलाई सहयोग

फेब्रुअरी महिनाको २० तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानले बाल विकास समाज कपनलाई किशोरकिशोरी सशक्तिकरण कार्यक्रम संचालन गर्नको लागि भनी रु. ३०७,१५० प्रदान गरेको छ । आयोजनाको कूल रकम रु. ६१४,३०० भएकोमा त्यसको पचास प्रतिशत बाल विकास समाज आफैंले ब्यहोर्ने गरी सम्झौता भएको हो । प्रतिष्ठानबाट प्रदान गरिने रकम चार किस्तामा गरी भुक्तानी गर्ने सम्झौता भएअनुरुप प्रत्येक किस्ता स्वरुप रु. ७७००० बाल विकास समाजलाई प्रतिष्ठानले प्रदान गर्दै आएको छ । एक वर्ष अवधिको यस कार्यक्रम यही जनवरी २०, २०१९ मा सम्पन्न हुनेछ ।

### न्यानो कपडाको लागी सहयोग

जनवरी १२ तारिखका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानले बारा जिल्लाका चिसोबाट पीडित गरिब जनताको लागि न्यानो कपडा उपलब्ध गराउने अभियानमा रु. ६००० प्रदान गरी सहयोग गरेको छ । बारा जिल्लाका स्थानीय समाजसेवी ब्रिजमोहन कुशवाहाको अनुरोधमा प्रतिष्ठानले उक्त सहयोग गरेको हो ।

### चार विद्यालयलाई सहयोग

जनवरी ९ तारिखका दिन गोर्खा जिल्लामा रहेका जनजागृति आधारभूत विद्यालय, प्रजावस्ती आधारभूत विद्यालय, जनज्योति आधारभूत विद्यालय गरी तीन सामुदायिक विद्यालयहरुका २७३ छात्रछात्राहरुको लागि सुरेन्द्र ढकाल प्रतिष्ठान, बाल विकास समाज र समाजसेवी कुमार अधिकारीको संयुक्त सहयोगमा शैक्षिक सामग्री वितरण गरियो । उक्त विद्यालयहरुमा अधिकांश चेपाङ छात्रछात्राहरु भएका र साह्रै गरिब भएका कारण कापी कलम किन्न सक्ने अवस्थामा पनि नरहेका कारण उक्त सहयोग गरिएको हो । कुल रकम रु.७५०००।- बराबरको भएकोमा प्रतिष्ठानबाट रु. १५००० सहयोग भएको थियो ।

## किन बुझ्न...

अनुसारको सन्धिमा हस्ताक्षर गर्ने निर्णय गरे । आखिर नेपाल र भारतबीच सन् १९५० जुलाई ३१ मा सिंहदरबारको ग्यालरी बैठकमा शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर भयो । नेपालबाट प्रधानमन्त्री मोहनशमशेर र भारतका तर्फबाट नेपालका लागि भारतीय राजदूत सीपीएन सिंहले हस्ताक्षर गरे । नेपालका प्रधानमन्त्री र भारतीय राजदूतले हैसियत नमिलाई सन्धिमा हस्ताक्षर गरे । मोहनशमशेरले नेपालको प्रधानमन्त्री पदलाई भारतीय राजदूतको हैसियतमा झारेर हस्ताक्षर गरे । शान्ति तथा मैत्री सन्धि युद्धरत देशहरुबीच हुने गर्छ । यस्तो सन्धिपछि युद्धको अन्त्य हुन्छ । तर नेपाल र भारतबीच युद्ध नै नभई नेपालमाथि शान्ति तथा मैत्री सन्धि लाद्नु नेहरुको हेपाहा प्रभुत्ववादी चिन्तन हो । नेहरु त्यस्ता भारतीय नेता हुन् जसले 'भारत उत्तर हिमालयसम्म आफ्नो सीमा ठान्छ' भन्थे । तत्कालीन भारतीय उपप्रधान एवं गृहमन्त्री सरदार बल्लभ भाई पटेलले त हैदरावाद कब्जा गरेपछि नेपाललाई पनि भारतीय संघमा गाभ्ने जमर्को गरेका थिए । त्यसबेला यो सन्धि गर्न भारत हतारिएको थियो । राणा प्रधानमन्त्री मोहनशमशेर भने सन्धपछि आफ्नो शासन टिकिरहने सोचाइमा थिए । तर भारतीय प्रधानमन्त्रीहरुले नेपालमा भइरहेको राणा शासन विरोधी गतिविधिलाई नियाल्दै राणा शासनलाई समर्थन नगर्ने निर्णयमा पुगिसकेका थिए ।

नेपालको हात तल पारेर मोहनशमशेरले सन्धि गर्नुको मुख्य कारण राणा शासनको बचाउ गर्नु नै थियो । तर २००७ साल कात्तिक २१ गते राजा त्रिभुवन शीतलनिवासस्थित भारतीय दुतावासको शरण परेर जब दिल्ली पुगे, त्यसपछि १०४ वर्षे राणा शासन नै समाप्त भयो । राणाहरुले भारतीय दुतावासमा गएर राजा त्रिभुवनलाई फिर्ता ल्याउने प्रयास गरे पनि सफल भएनन् । त्रिभुवनका माइलो नाति बालक ज्ञानेन्द्रलाई राजगद्दीमा राखेर सत्ता टिकाउने मोहनशमशेरको प्रयास सफल भएन । नेहरुको मध्यस्थतामा राजा, राणा र कांग्रेसबीच त्रिपक्षीय सम्झौता भयो जसलाई दिल्ली सम्झौता भनिन्छ । यस सम्झौताले २००७ सालको जनक्रान्तिको मर्म र उद्देश्यमाथि नै प्रहार गऱ्यो । राणाको शिरबाट श्रीपेच खोसेर राजा त्रिभुवनलाई सुम्पिन क्रान्ति भएको थिएन । क्रान्ति गणतन्त्रका लागि भएको थियो । दिल्ली सम्झौता धोका हो भनेर डा. के आई सिंह र भीमदत्त पन्तहरुले त्यसबेला विरोध गर्दै आन्दोलन छेडेका थिए । तर त्रिभुवनले भारतीय सेना नेपाल भित्र्याएर भीमदत्तको हत्या गराए भने सिंह ज्यान बचाउन चीनतर्फ भागे । नयाँ सडकको भूगोलपार्कमा युवा विद्यार्थीहरुले दिल्ली सम्झौताको विरोधमा प्रदर्शन गर्दा गृहमन्त्री बीपी कोइरालाको आदेशमा छात्र नेता चिनियाँ काजीको हत्या गरिएको थियो ।

सन् १९५० को सन्धि भएदेखि नै यसलाई राष्ट्रवादको कसिमा जाँच्न सुरु भएको हो । विशेष गरी नेपाली वामपन्थीहरुले सन्धिको विरोध सुरु गरेका हुन् र यो अहिले पनि बहसमै छ । नेपालले सन्धि संशोधन वा परिमार्जनका लागि भारतसँग आग्रह गरेको र भारतले नसुनेको ६८ वर्ष भयो । सीमा र सन्धिका विषयमा दुई देशबीचका असमझदारी हटाउन नेपाल र भारतले गठन गरेको इपिजीमा दुई वर्षसम्म नौवटा बैठक बसेर सघन संवाद पछि जुटयो । सन्धिको २, ५,६ र ७ सच्याउन नेपालले राखेको प्रस्तावमा भारत सहमत भएको भनिएको छ । प्रतिवेदन प्राप्त भएपछि दुवै देशका परराष्ट्र मन्त्रीस्तरीय आयोगको् बैठक बस्छ र परराष्ट्र सचिव स्तरको संयन्त्रमा थप छलफल हुन्छ । त्यसपछि प्रधानमन्त्री स्तरमा कुराकानी हुन्छ । कुन कुन विषय कार्यान्वयन गर्ने भन्ने तय हुन्छ । तर भारतीय प्रधानमन्त्री मोदीले प्रतिवेदन नबुझेर अलपत्र पारिदिएका छन् ।

## १ सय २० दिनमा...

बराबरको चामल आयात भएको तथ्यांकमा उल्लेख छ । कृषि प्रधान मुलुक नेपालमा भारत, चीन, क्यानडा लगायतका देशबाट चामल आयात हुँदै आएको छ । सबैभन्दा धेरै छिमेकी राष्ट्र भारतबाट चामल आयात हुने गरेको छ । चार महिनाको बीचमा ९ अर्ब ३८ करोड ७ लाख ७६ हजार रुपैयाँको चामल आयात भएकोमा भारतबाट मात्र ९ अर्ब २ करोड ५३ लाख ७६ हजार रुपैयाँ बराबरको चामल आयात भएको छ ।

यसैगरी यो चार महिनामा अन्य देशबाट ३५ करोड ५२ लाख ३७ हजार मूल्य बराबरको चामल आयात भएको छ । विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको चार महिनामा मात्र २४ करोड ६० लाख ८ हजार मूल्य बराबरको दाल आयात भएको छ । गहुँ ५ लाख ४८ हजार रुपैयाँ, तेल ३ लाख १८ हजार र घिउ ९ करोड ७ लाख ३ हजार रुपैयाँ बराबरको आयात भएको छ । विभागको तथ्यांकअनुसार यो चार महिनामा ३ अर्ब ३२ करोड २९ लाख ८८ हजार रुपैयाँ बराबरको आलु आयात भएको छ ।

यसैगरी १ अर्ब ७५ करोड ४४ लाख मूल्य बराबरको लसुन प्याज आयात भएको छ । चार महिनामा तरकारी मात्र १ अर्ब ७६ करोड ९ लाख ३७ हजारको आयात भएको छ । भन्सार विभागको तथ्यांकअनुसार यो चालू आर्थिक वर्षको चार महिनामा धनिया १३ करोड ७४ लाख ४६ हजार मूल्य बराबरको आयात भएको छ । यस्तै जिरा ६४ करोड ५० लाख १३ हजार मूल्यको आयात भएको छ । धनिया र जिरामा मात्र यो चालु आवको चार महिनामा ७८ करोड २४ लाख ५९ हजार मूल्य बराबरको आयात भएको छ । अलैंची र सुकमेल यो चार महिनामा ३ करोड ४४ लाख ५७ हजारको आयात भएको विभागको तथ्यांकमा उल्लेख छ ।

## यसरी...


आय जापान लगायत सबै पुँजीवादी मुलुकहरुको भन्दा धेरै थियो । सोभियत समाजवादले उदारवादी पुँजीवादी राज्य व्यवस्थाका विपरीत समानता र सामाजिक न्यायमा आधारित समाजको निर्माण तदनुकूलको अर्थव्यवस्था एवं समग्र संरचना निर्माणलाई महत्व प्रदान गऱ्यो । व्यक्तिगत स्वामित्वको अन्त्य मात्र गरिएन पूर्ण रोजगारी, निःशुल्क शिक्षा र स्वास्थ्य जस्ता नागरिकका मौलिक अधिकारका विषयलाई पूर्णरुपमा सम्बोधन गरियो । तर पनि अक्टोबर क्रान्ति सम्पन्न भएको ७० वर्षपछि सोभियत समाजवाद ढल्यो । पूर्वी युरोपका समाजवादी व्यवस्थाहरु एकपछि अर्को गर्दै नासिए । विश्व कम्युनिस्ट आन्दोलनले गम्भीर धक्का खायो । सोभियत समाजवाद पतन हुनुमा आन्तरिक र बाह्य दुवै कारण थिए । साम्राज्यवादको सम्भावित हमलाबाट सोभियत युनियनलाई जोगाउन सोभियत संघले कुल बजेटको २५ प्रतिशत छुट्याउनु पऱ्यो । यसले सोभियत अर्थव्यवस्थालाई प्रभावित गऱ्यो । सोभियत संघले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई पनि सहयोग गरेको थियो । यसले पनि अर्थव्यवस्थालाई असर गऱ्यो । यस्तै परिवेशमा बाह्य साम्राज्यवादी प्रहार भयो ।

अक्टोबर क्रान्ति सकिनासाथ लेनिनले विश्व इतिहासमा नयाँ युगको अन्तर्वस्तुको आरम्भ भएको घोषणा गरेका थिए । तर उनको निधनपछि उनको घोषणाको मर्मअनुरुप कामहरु हुन सकेनन् । धेरै विषयमा सोभियत नेतृत्वले मार्क्सवादका सारतत्वलाई पक्रन सकेन । स्टालिनदेखि खुश्चेवसम्मले मार्क्सवादको आदर्शतालाई व्यवहारमा लागू गर्न सकेनन् । स्टालिन पार्टी र सरकार दुवैमा बहुमतमा भए पनि सर्वमान्य बन्न सकेनन् । आफ्ना आलोचकहरुप्रति कठोर नीतिका कारण स्टालिन लाल तानाशाहीले पुकारिन थाले । हो उनले दोस्रो विश्वयुद्धमा नाजी फौजलाई परास्त गरेर सोभियत भूमिको रक्षा गरे र आफूलाई अब्बल राष्ट्रवादीका रुपमा चिनाउन सफल भए । तर स्टालिनले लोकप्रिय नेतृत्व न त पार्टीमै दिन सके न त सरकारमा । खुश्चेवको समयमा त विकसित सैद्धान्तिक, वैचारिक र राजनीतिक एवं व्यावहारिक त्रुटिहरुले सीमा नाघ्न थाले । जब गोर्वाचोभ सत्तामा आए उनले साम्राज्यवादको निर्देशनमा ल्याएको ग्लास्तनोक र पेरेस्त्रोइका नीतिले अन्ततः सोभियत संघलाई टुक्र्यायो । समाजवादलाई विसर्जन गरायो । स्टालिनदेखि गोर्वाचोभसम्म आइपुग्दा समाजवादी लोकतन्त्रको अभाव, अर्थव्यवस्थाको अत्यधिक केन्द्रीकरण, पार्टी र सरकारको अनावश्यक तालमेल, पार्टीको नोकरसाहीकरण, संघीयताको मर्ममाथि अतिक्रमण, कम्युनिस्ट नेतृत्वमा विकसित हुँदै गरेको अभिजात्यवाद, समाजवादी चेतनाको निर्माणमा शिथिलता, सांस्कृतिक रुपान्तरणलाई प्रदान गरिएको न्यून महत्व, संक्रमणकालीन व्यवस्थामा सम्पत्तिको स्वामित्वको दृष्टिकोणमा त्रुटि र विचारधारात्मक विचलन जस्ता कारणहरु नै सोभियत समाजवाद अन्त्यका मूल कारण हुन् ।

खुश्चेवकै समयदेखि वर्गसंघर्षलाई कम महत्व दिन थालियो र शान्तिपूर्ण संक्रमणको सिद्धान्तलाई अघि सारियो । सोभियत कम्युनिस्ट पार्टीको २० औं पार्टी कांग्रेसबाट अगाडि सारिएका नीतिहरु नै सोभियत संघलाई बचाउन भन्दै गोर्वाचोभले अघि सारेका दृष्टिकोण र नीति थिए । गोर्वाचोभको समयमा समाजवाद र पुँजीवादबीचको संघर्ष अन्त्य भएको घोषणा गरियो । शक्ति सन्तुलनको सट्टा हितहरुको सन्तुलनको दृष्टिकोण प्रस्तुत गरियो । सोभियत कम्युनिस्ट पार्टीको घोषणापत्रबाट 'साम्राज्यवाद' शब्द हटाइयो । विचारधारामुक्त अन्तर्राष्ट्रिय सम्बन्धको वकालत सुरु गरियो । मार्क्सवाद मात्र कम्युनिस्ट पार्टीको सिद्धान्त बनिरहन सक्दैन भनियो । सोभियत समाजवादबाट समाजवाद शब्द हटाउने प्रयास भयो । अन्ततः पेरेस्त्रोइका (पुनःनिर्माण) र ग्लास्नोस्त (खुलापन) ले अन्ततः क्राइस्टको जन्मदिन २४ डिसेम्बर १९९१ म क्रेमलिनबाट लालझन्डा झिकियो । लेनिनका सालिकहरु क्रेन लगाएर ढालिए । सोभियत संघ विघटन भयो, समाजवादको अन्त्य भयो ।

तेस्रो धार

# खतरा बन्दै जलवायु परिवर्तन




राष्ट्रसंघको वातावरणसम्बन्धी निकायकी प्रमुख पेट्रिसिया एसपिनोसाले विश्वव्यापी तापमान वृद्धिका कारण मानवजातिले अहिलेसम्मकै धेरै खतरा सामना गरिरहेको बताएकी छिन्। पोल्यान्डमा आयोजित जलवायु परिवर्तनसम्बन्धी अन्तराष्ट्रिय सम्मेलन कोप २४ मा उनले सो धारणा राखेकी हुन्।

जलवायु परिवर्तनले विश्वका अधिकांश समूह नराम्रोसँग प्रभावित भएको उनले बताइन्। 'जलवायु परिवर्तनका कारण संसारका विभिन्न समुदाय प्रभावित छन्। प्राकृतिक विपद्ले जताततै नोक्सानी र विनाश निम्त्याइरहेको छ। जलवायु परिवर्तनको प्रभाव न्यून गर्न हामीले तत्काल आपत्कालीन कदम चाल्न आवश्यक छ,' उनले थपिन्।

### जोखिम नियन्त्रण गर्न आग्रह

भयावह वातावरणीय जोखिमले विश्वको ध्यानाकर्षण गरिरहेको अवस्थामा छलफलका लागि जम्मा भएका प्रतिनिधिले जलवायु परिवर्तनका कारण निम्तिएको जोखिम नियन्त्रणका लागि एक भएर अघि बढ्न विश्व नेताहरूलाई आग्रह गरेका छन्। सम्मेलनले विश्वका नेताहरूले सन् २०१५ मा भएको जलवायुसम्बन्धी पेरिस सम्झौतालाई कायान्वयनमा लैजान पहल गर्ने अपेक्षा गरिएको छ।

पेरिस सम्झौतामा जलवायु परिवर्तनका कारण विश्व तापमान वृद्धिमा देखिएको समस्यालाई रोक्न एक भएर लाग्ने सन्देश प्रवाह गरिएको थियो। जलवायु परिवर्तनले वातावरणमा देखिएको तापमान वृद्धिका कारण विनाशकारी डढेलो, उष्णवायु, आँधी, तुफान साथै सामुद्रिक सतहको वृद्धिजस्ता समस्या विकराल रूपमा देखिएका छन्।

### निर्णायक कदम चाल्न आग्रह

पोल्यान्डको औद्योगिक सहर काटोविसमा सुरु भइरहेको सम्मेलनका पूर्वअध्यक्षहरूले एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी सहभागी मुलुकलाई खतरनाक समस्यालाई समाधान गर्न निर्णायक कदम चाल्न आग्रह गरेका छन्। 'जलवायु परिवर्तनका असरलाई बेवास्ता गर्न दिनप्रतिदिन कठिन देखिँदै गएको छ। हामीले समाज र अर्थतन्त्रको गम्भीर रूपान्तरण चाहेका छौँ,' विज्ञप्तिमा भनिएको छ ।

### जलवायु परिवर्तन नियन्त्रणका प्रयास अपर्याप्त

काटोविसर राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेजले जलवायु परिवर्तनले निम्त्याउने विनाशकारी घटनाहरूलाई रोक्ने योजनाका सम्बन्धमा संसार सही बाटोमा अघि नबढेको धारणा व्यक्त गरेका छन् ।

पोल्यान्डको औद्योगिक सहर काटोविसमा भइरहेको जलवायु परिवर्तनसम्बन्धी २४औं अन्तर्राष्ट्रिय सम्मेलनमा उनले जलवायु परिवर्तनका असर नियन्त्रणका लागि अहिले भइरहेका कामबारे पुनर्विचार गर्नुपर्ने बताए। वातावरणका क्षेत्रमा काम गर्ने संस्थाहरूले हरित गृह ग्यास उत्सर्जनका कारण वातावरणमा परेको प्रभावले विश्वको तापमान वृद्धि भएको भन्ने प्रतिवेदनतर्फ इंगित गर्दै गुटरेजले ग्रिनहाउस ग्यास उत्सर्जनलाई घटाउनुपनेतर्फ सबैले सोच्नुपर्ने बताए।

उनले भने, 'हामीले अझै प्रशस्त काम पनि गरेका छैनौँ र समस्या समाधान प्रयासमा छरितो रूपमा अघि बढेका पनि छैनौँ।'

विश्वका करिब दुई सय मुलुकको सहभागिता रहेको सम्मेलनले विश्व तापमान वृद्धिको सीमालाई नियन्त्रणमा राख्न तापक्रमलाई दुई डिग्री सेल्सियस वा सम्भव भएमा त्योभन्दा पनि अझ तल (१.५ सेल्सियस) झार्न पहल गर्ने विश्वास गरिएको छ। अहिले एक सेल्सियसका दरले विश्वव्यापी रूपमा तापक्रममा वृद्धि हुँदा पृथ्वीमा विनाशकारी डढेलो, अत्यधिक खडेरी र प्रचण्ड आँधीका कारण सामुद्रिक सतह वृद्धिजस्ता समस्या देखिएको छ।

### दक्षिण एसिया जोखिममा

दक्षिण एसिया जलवायु परिवर्तनका कारण उत्पन्न प्रकोपको अधिक खतराको क्षेत्र रहेको संयुक्त राष्ट्रसंघले जनाएको छ । संयुक्त राष्ट्रसंघको शरणार्थी उच्च आयुक्त (यूएनएचसीआर) को अध्ययन प्रतिवेदनले अधिक प्रकोपको खतरा देखिएको जनाएको हो ।

'मानिसहरू जलवायु परिवर्तनका कारण उत्पन्न जोखिमका कारण दक्षिण एसियामा आफ्नो घर छाड्न बाध्य भएका छन्,' प्रतिवेदनले भनेको छ, 'यस्तो जोखिम बढ्दै जाने हो भने ठूलो समस्या उत्पन्न हुन सक्ने भएकाले त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।'

हिजोमात्रै सार्वजनिक भएको प्रतिवेदनमा दक्षिण एसियाका सरकार हरूले जलवायु परिवर्तनका कारण बसाइँ सर्ने मानिसलाई सम्बोधन गर्न नसकेको उल्लेख छ । सामुद्रिक आँधी, बाढी, पहिरो र अन्य विपद्का कारण बसाइँ सर्ने क्रम अत्यधिक भएको क्लाइमेट एक्सन नेटवर्क- दक्षिण एसियाले जनाएको छ । एक्सन एडले गरेको अध्ययनले पनि मानिसमा जोखिम सामना गर्ने सामर्थ्य नभएपछि बसाइँ सर्न बाध्य भएको जनाएको छ ।

अफगानिस्तान, बंगलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंका सदस्य रहेको सार्कले नीतिगत रूपमा काम गर्न नसक्दा पनि यस्तो समस्या बढ्दै जान सक्ने एक्सन एडका प्रवक्ता हरजीत सिंहले बताए ।

उनका अनुसार सार्क मुलुकहरूले जलवायु परिवर्तनजन्य जोखिम न्यूनीकरण र अनुकूलका लागि साझा नीति बनाउनुपर्नेमा यस वर्षको सार्क सम्मेलन नभएपछि जोखिम न्यूनीकरणका लागि साझा धारणा आउन नसकेको बताए ।

'पछिल्ला वर्षहरूमा विश्वकै सबैभन्दा बढी विपद् जोखिम क्षेत्रका रूपमा दक्षिण एसिया रहेको पाइएको छ, यूएनएससीआरको प्रतिवेदनमा उल्लेख छ, 'महामारीयुक्त वायु फैलिएको, अत्यधिक गर्मी हुने र सामुद्रिक आँधीका घटना बढ्दोक्रममा रहेको छ ।'

सन् २०१० देखि २०१७ सम्ममा प्राकृतिक विपद्का कारण दक्षिण एसियामा ४६ मिलियन मानिस आफ्नो घर छाड्न बाध्य भएको प्रतिवेदनमा उल्लेख छ ।

दक्षिण एसियामा जलवायुजन्य प्रकोपका कारण बसाइँ सर्नेको संख्या बढेको छ । जलवायु परिवर्तनले स्थानीय समुदायमा विनाशकारी प्रभाव देखिन थालेको छ । यसका कारण दक्षिण एसियाको जीवन, जीविकोपार्जन र खाद्य सुरक्षामा ठूलो असर पऱ्याएको संयुक्त राष्ट्रसंघको प्रतिवेदनले उल्लेख गरेको छ ।

यस्तो समस्या दिनानुदिन बढी रहँदा बसाइँसराइको मात्रा बढेको पाइएको छ । दक्षिण एसियामा बासाइँसाराइ नियमति भए पनि जलवायु परिवर्तनका कारण सिर्जित समस्याका कारण बसाइँसराइ गर्नेको संख्या पछिल्ला वर्षमा बढेको पाइएको छ ।

अध्ययनले नेपाल, भारत, बंगलादेश र श्रीलंकामा जलवायु परिवर्तन र असरका कारण बसाइँ सर्नेहरूको संख्या बढेको देखाएको छ । दक्षिण एसियाका मुलुक तुलनात्मक रूपमा जलवायु परिवर्तनजन्य गतिविधिका हिसाबले जोखिममा छ ।

भोकमारी, गर्मी, सामुद्रिक आँधी, बढ्दो समुद्री सतह, अधिक वर्षा, पहिरो र बाढीको जोखिमका कारण जोखिममा रहेको जलवायु परिवर्तनको अन्तरसरकारी अध्ययन टोली( आईपीपीसीसी)को पाँचौं प्रतिवेदनले औंल्याएको छ । दुई वा दुईभन्दा बढी मुलुक भएर बग्ने नदीमा जलवायु परिवर्तनका प्रभाव देखिएको पाइएको छ ।

*एजेन्सीहरुको सहयोगमा*

## विक्रम...

नेतृत्वलाई नछोएर अख्तियार प्रमुख नवीन घिमिरेले ठेकेदार र आयोजना प्रमुखहरुमाथि मात्र मुद्दा दर्ता गर्न निर्देशन दिनुले अख्तियार समेत विवादमा तानिएको छ ।

सिंचाइ मन्त्रीको 'इन्ट्रेस्ट' बिना पाण्डेले ठेक्का कसरी पाउँथे ? जनस्तरबाट प्रश्न उठाइँदैछ । किसानको खेतमा पानी नपुगे पनि आयोजना प्रमुख बस्नेतले कम्पनीलाई मर्मत सम्हारको दायित्वबाट मुक्ति दिएका थिए । कुनै पनि आयोजना सम्पन्न भएको एक वर्षसम्म समस्या आए मर्मत र सुधारको दायित्व ठेकेदार कम्पनीको हुने कानुनी प्रावधान छ । कालिका कन्स्ट्रक्सनलाई आयोजना प्रमुख बस्नेतले उन्मुक्ति दिएकाले भत्केको नहर पुनर्निर्माण हुन सकेको छैन ।

आयोगले मुद्दा दायर गरेका आयोजना पूर्व प्रमुखहरुका सर्वदेवप्रसाद जैसवाल, दिलिपबहादुर कार्की र सरोजचन्द्र पण्डित छन् । पण्डित हाल सिंचाइ विभागका डिजी छन् । अन्य आरोपीमा आयोजनाका पूर्व र बहालवाला कर्मचारी १६ जना तथा ठेकेदार प्रतिनिधि र परामर्शदातासँग सम्बन्धित ५ जना छन् । कालिका कन्स्ट्रक्सन कम्पनीका प्रमुख पाण्डे र मूल नहर भत्कने बेला आयोजना प्रमुख रहेका बस्नेतबाट जनही २ अर्ब १३ करोड ७६ लाख ७९ हजार ९ सय २० रुपैयाँ बिगो असुल्नु पर्ने दाबी अख्तियारको आरोप पत्रमा छ । ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुनले काम थालेको ६ महिना नपुग्दै आयोजना प्रमुख महेश्वर नरसिंह केसीलाई गत जेठमा हटाएर उपसचिव रमेश बस्नेतलाई सिक्टाको प्रमुख बनाएका थिए । राष्ट्रिय गौरवको आयोजनामा सहसचिव स्तरको कर्मचारी पठाउनुपर्नेमा मन्त्री पुनले बस्नेतबाट मोटो नजराना लिएर त्यहाँ पठाएका थिए । बस्नेत भ्रष्टाचारमा मुछिन थालेपछि आफू समेत विवादमा तानिने डरले मन्त्री पुनले दुई महिनाअघि उनलाइ वाग्मती सिंचाइको प्रमुखमा सरुवा गरेका थिए । वाग्मती सिंचाइ आयोजना पनि कुस्त कमाइ हुने ठाउँ मानिन्छ ।

आर्थिक वर्ष २०६१।६२ देखि निर्माण सुरु सिक्टामा हेड वर्क्स र मूल नहर बनाउन १४ अर्ब ७० करोड रुपैयाँभन्दा बढी खर्च भइसेको छ । आयोगले राष्ट्रिय गौरवका आयोजनामा भ्रष्टाचार भएको ठहर गर्दै ठूलो संख्यामा कर्मचारी र ठेकेदारविरुद्ध मुद्दा दायर गरेको यो पहिलो पटक हो । पाण्डे र आयोजना प्रमुख बस्नेतले दुई अर्ब १३ करोड ७६ लाख ७९ हजार नौ सय २० रुपैयाँ भ्रष्टाचार गरेको दाबी अख्तियारले ठरेको छ । ठेकेदार पाण्डेलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा ४ अनुरुप दुई वर्षसम्म कैद बिगो बमोजिमको जरिवाना र बिगो जफतको माग छ ।

कन्सल्टेन्ट उद्धवराज चौंलागाई, सर्वदेवप्रसाद, कालिका जेमिका प्रबन्ध निर्देशक युवराज ढकाल, सूर्यदेव थापा, योगेन्द्र मिश्र, श्यामबहादुर कार्की, सुशीलचन्द्र देवकोटा, कृष्णप्रसाद सुवेदी, प्रेमराज घिमिरे, वीरसिंह धामी, प्रकाशबहादुर कार्की, सिंचाइ विभागका तत्कालीन सुपरिटेन्डिङ इन्जिनियर कलमप्रसाद रेग्मी, विभागका सिडिई रविनाथ बाबु श्रेष्ठ, आशिषभद्र खनाल, कन्सल्टेन्ट कम्पनी एम एसईआरएमसी आइटिइसिओ नेपाल जेभीका टिम लिडर अरुणकुमार चौधरी, हेमनिधि शर्मा विरुद्ध मुद्दा दायर गरिएको छ । ४५ किमी लामो बाँके जिल्लाको ४२ हजार सात सय ६६ हेक्टर जमिनमा सिंचाइ सुविधा उपलब्ध गराउने उद्देश्यका साथ निर्माण भएको सिक्टा डेढ दशकमा पनि निर्माण सकिएको छैन ।

## अस्ट्रेलियामा...

मानिएको 'एज केयर' को विषय अध्यापन गराइने र भविष्यमा आवश्यक्ता अनुसार अन्य तालिम तथा कोर्षहरुलाई विस्तार गर्ने योजना रहेको उनले सुनाइन् । कार्यक्रममा कलेजका प्रमुख हेम श्रेष्ठले आफूहरुले तालिम दिनेमात्र नभएर विद्यार्थीहरुलाई सहयोगका लागि अन्य सहयोगी कार्यक्रमहरु समेत सञ्चालनमा ल्याउने दाबी गरे ।

## नेपालले...

समय लाग्ने भारतको जवाफ आएकाले तत्कालका लागि पुरानै रेल किनेर सञ्चालनमा ल्याइने उनले प्रस्ट्याए । केरुङ-काठमाडौं रेल सञ्चालनका लागि पूर्वसम्भाव्यता अध्ययन सकिएको समेत मन्त्री महासेठले बताए ।

## एनसेलले...

पटकको बिक्रीको कर छली प्रकरण एजेन्डा ब्युँताउँदै संसदको सार्वजनिक लेखा समितिले सरकारी निकायहरुसँग जानकारी लिएको छ । एनसेलको ८० प्रतिशत सेयर बिक्रेता टेलियासोनेरा र २० प्रतिशत बिक्रेता निरजग्नेविद श्रेष्ठ विरुद्ध कर निर्धारण भएको छ । टेलियासोनेराका नाममा ६० अर्ब ७१ करोड २४ लाख ९६ हजार ९७ रुपैयाँ कर निर्धारण भएको छ । कर असुल नभएसम्म विदेशी लगानीकर्ताको लाभांश रकम रेक्का राख्न लेखा समितिले प्रस्ताव गरेको छ ।

## सार्क...

व्यापार लगायत क्षेत्रमा महत्वपूर्ण निर्णय गरे पनि कार्यान्वयन पक्ष भने सुस्त छ । नेपालमा भएको तेस्रो शिखर सम्मेलनमा आतंकवाद नियन्त्रणसम्बन्धी निर्णय पारित भए पनि निर्णयका प्रावधान कार्यान्वयन हुन नसक्दा दक्षिण एसिया क्षेत्र आतंकबाटै बढी प्रभावित भइरहेको छ । कार्यान्वयन गर्ने संयन्त्र कमजोर हुनु, द्विपक्षीय सम्बन्ध साना मसिना कुरामा अल्झिनु, बृहत उद्देश्यका लागि गरिएका निर्णयमा सदस्य राष्ट्र प्रतिबद्ध नहुनु, राजनीतिक इच्छाशक्तिको कमी लगायत कारण कार्यान्वयनमा समस्या देखिएको हो ।

सार्कको बडापत्रमा राज्य तथा सरकार प्रमुखको बैठक (शिखर सम्मेलन) वर्षमा एकपटक वा सदस्य राष्ट्रले आवश्यक ठाने बमोजिम यसभन्दा बढी पनि बस्न सक्ने उल्लेख छ । सार्कको स्थापनादेखि नै बडापत्रमा उल्लेख भएबमोजिम नियमित शिखर सम्मेलन हुन सकेको छैन । गरिबी निवारण, क्षेत्रीय सुरक्षा र आर्थिक विकास लगायतका मुख्य लक्ष्य लिएर सुरु भएको सार्कको यात्रा ३४ औं वर्षमा पुग्दा अपेक्षित गति लिन सकेको छैन । सार्कको सट्टा बिमस्टेकलाई भारतले अघि बढाएकाले सार्क विसर्जन हुने बरु सम्भावना बढेको छ ।

## सामाजिक...

नेपाल राजपत्रमा सूचना प्रकाशित गरी काठमाडौं उपत्यकाभित्रका रोजगारदाता र श्रमिक आपूर्तिकर्तालाई गत ६ मंसिरदेखि आगामी ६ फागुनभित्र सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन आह्वान गरेको थियो । सोहीअनुरूप अहिले सम्बन्धित रोजगारदाता निकै उत्साहित भएर धमाधम सूचीकरणमा आइरहेको सामाजिक सुरक्षा कोषले जनाएको छ ।

## सीमाका...

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गतको ग्रामीण पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) सस्पेन्सन बृज डिभिजनबाट काम गर्ने भनिएको थियो । सरकारले कुनै पनि स्थानमा नयाँ तुइन बनाउन रोक लगाएको छ ।

सार्वजनिक तुइन प्रतिस्थापन कार्यविधि २०७३ मा नयाँ तुइन बनाउने कार्य कानुनविपरीत मानिएको छ । जोखिमयुक्त तुइनबाट यात्रा गर्दा अनाहकमा मानिसको ज्यान जाने घटना नरोकिएपछि सरकारले त्यसमा कडाइ गरेको हो । स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ले १२० मिटरभन्दा सानो झोलुंगे पुल निर्माणका लागि स्थानीय तहलाई जिम्मा दिएको थियो । त्यसभन्दा लामा पुल सरकारले आफैँले बनाएको छ ।